बुद्धका शिक्षाको प्रचारक र अनुयायी हुन... पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com





वर्ष २६ •अंक १८४ • २०८१ साल मंसिर १५ गते शनिबार (30 November, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## मधेश सरकारको चार बुँदे मार्गदर्शन जारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष ०८१/०८२ को बजेट खर्च मार्गदर्शन अर्थ मन्त्रालयले खारेज गर्दै चार बुँदे मार्गदर्शन जारी गरेको छ । अर्थ मन्त्रालयले साउन ४ गते जारी गरेको ६४ बुँदे खर्च मार्गदर्शन शुक्रबार खारेज गरेको जनाएको छ ।

तत्कालीन अर्थसचिव सुवासचन्द्र सिवाकोटीले जारी गरेको चालु आर्थिक वर्षकको बजेट खर्च मार्गदर्शन मन्त्रालयले खारेज गरेर नयाँ ४ बुँदे मार्गदर्शन जारी गरेको छ । यसअघि जारी गरिएको मार्गदर्शन खारेज भएकाले नयाँ  मार्गदर्शनलाई टेकेर काम गर्न अर्थ मन्त्रालयले सबै मन्त्रालय तथा सम्बन्धित निकायमा पत्राचार पनि गरिसकेको छ ।

'मधेश प्रदेश सरकार अर्थ मन्त्रालयको पत्र संख्या २०८१/८२, चलानी नं. १, मिति २०८१/०४/०२ को आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन खारेज गरिएको छ । सो मार्गदर्शन बमोजिम भए गरेका काम कारवाही यसै मार्गदर्शन बमोजिम भए गरेको मानिने छ', नयाँ खर्च मार्गदर्शनको चौथो बुँदामा उल्लेख छ ।

जारी गरिएको मार्गदर्शनमा लेखिएको छ 'आर्थिक वर्ष २०८१/ ८२ को सेवा र कार्यको लागि मधेश प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम बिनियोजन भएको बजेट खर्च गर्न तथा स्वीकृत आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन आर्थिक वर्ष २०८१/८२ बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन जारी गर्न आञ्छनीय भएकोले मधेश प्रदेश विनियोजन ऐन, २०८१ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकार अर्थ मन्त्रालयको मिति २०८१/०८/१४ को निर्णयले देहाय बमोजिम मार्गदर्शन जारी गरिएको छ ।'

यस अघि जारी गरिएको ६४ बुँदे खर्च मार्गदर्शनमा रहेका धेरै बुँदाहरु आर्थिक ऐन २०७४ ,बजेट विनियोजन ऐन २०८१/०८२ सँग बाझिएको हुँदा त्यसलाई खारेज गरेर नयाँ चार बुँदे जारी गरिएको अर्थ मन्त्रालयका प्रदेश सचिव रामकुमार महतोले जानकारी दिए ।

अर्थ मन्त्रालयले केही साताअघि बजेट 'लक' खोले पनि जारी बजेट खर्च मार्गदर्शन यथावत रहँदा बजेट खर्चमा मन्त्रालयहरु अन्योलमा परेको थियो ।

### गृहमन्त्रीलाई चन्दा दिन सशस्त्रको धम्की

# 'प्रहरीले मलाई टेर्दैन' लेखी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले सशस्त्र समूहबाट पटकपटक धम्की आइरहेको बताएका छन् ।' मधेश प्रदेश सरकारका अन्य मन्त्रीहरुलाई पनि धम्की आउने गरेको छ ' उनले भने, मलाई धम्की आएको प्रहरीलाई जानकारी दिएको छैन ।

केहिदिन देखि नेपाल प्रहरीविरुद्ध खनिएका मन्त्री लेखीले शुक्रबार आफ्नै मन्त्रालयमा पत्रकार सम्मेलन गरी सशस्त्र समूहबाट चन्दा माग्ने धम्की आउने गरेको खुलासा गरेका छन् ।

लेखीले जयकृष्ण गोइत नेतृत्वको जनतान्त्रिक तराई मुक्ति मोर्चाको नामबाट धम्की आइरहेको बताएका हुन् । 'केही महिनादेखि चन्दाका लागि ह्वाट्सएपमा गोइतको फोन आइरहेको थियो' उनले भने, बुधबार राति गरेको फोनमा चन्दा नदिए कसरी लिने ? भन्ने धम्की दिएको हो ।

मन्त्री लेखी र जनतान्त्रिक मुक्ति मोर्चाका अध्यक्ष गोइत सप्तरी जिल्लावासी हुन् । गोइत लामो समयदेखि सशस्त्र विद्रोहमा लागेका छन् । लेखी विभिन्न दलहरु हुँदै नेकपा एमालेबाट हाल मधेश प्रदेशका गृहमन्त्री हुन् ।

'सुरक्षा निकायबाट मन्त्रीहरूलाई समेत आफू जस्तो धम्की आउने गरेको जानकारी पाएको छु' उनले भने, धम्की आएको विषयमा मुख्यमन्त्री र मधेश प्रहरी



प्रमुखलाई जानकारी गराइसकेको छु ।

रामजानकी विवाहमहोत्सवको सुरक्षा विषयमा बिहीबार बसेको सुरक्षा समितिको बैठकमा मन्त्री लेखीले धम्की आउने गरेको विषय उठाएका थिए । बैठकमा सहभागी सुरक्षा अधिकारीहरुले विषयलाई गम्भीरतापूर्वक पनि लिएका थिए । सुरक्षा अधिकारीलाई जानकारी गराएको २४ घण्टा नबित्दै मन्त्री लेखीले आफूसमेत अन्य मन्त्रीहरुलाई धम्की आउने गरेको सार्वजनिक गरेका छन् ।

मधेश प्रदेश सरकारको गृहमन्त्री समेत कयौं मन्त्री 'सुरक्षाथ्रेट'मा रहेका बेला प्रहरी र गृहमन्त्रीबीचको सम्बन्ध चिसिएको छ । मन्त्री लेखीले नेपाल प्रहरीको अवस्था लाजमर्दो रहेको बिहीबार नै आरोप लगाएका थिए । उनले पत्रकार सम्मेलनमा पनि त्यो विषय दोहोऱ्याए ।

प्रदेशका गृहमन्त्री आफै असुरक्षित भएको सार्वजनिक रुपमा बताएपछि मधेश प्रदेश सरकारमाथि शान्ति सुरक्षाको विषयमा प्रश्न उठेको छ । मन्त्रीको सवारी हुँदा सडकमा प्रहरीले 'सैल्युट' नगरेको आक्रोश लेखीले पोख्न थालेको सुरक्षा अधिकारीहरुको बुझाई छ ।

'मलाई प्रहरीले टेर्दैन, मसित कारबाही गर्ने अधिकार पनि छैन' उनले भने, प्रहरी समायोजनको विषयमा के भइरहेको छ ? त्यस विषयमा मलाई कुनै जानकारी छैन । उनले भने, यी सबै विषय मुख्यमन्त्री स्वयम्ले हेरिरहेका छन् ।


'बिरामी छु, उपचार खर्चको लागि पैसा पठाउ भनेर फोन गरेर धम्की दिने गरेको कुरा केही मन्त्रीबाट पनि बैठकमा आएको थियो' एकजना सुरक्षा अधिकारीले भने, गोइत लामो समयदेखि भूमिगत रहेकाले उनले दिएको धम्कीको पहिचान गरी आवश्यक कारबाहीको प्रक्रिया बढाइनेछ ।

मधेश प्रदेशका गृहमन्त्री लेखीले जिल्लाहरुमा रहेका प्रहरी चौकी, इलाका प्रहरी कार्यालय लगायतको नियमित निरीक्षण गर्दा प्रहरीले बर्दी नलगाएको, कार्यालय परिसरमै कुर्सीमा बसेर निदाउने गरेको आरोप लगाएका छन् । उनले आफूलाई प्रहरीले नटेरेको समेत खुलाए ।

मन्त्रीले पत्रकार सम्मेलनमार्फत सुरक्षा सम्बन्धी विषयलाई सार्वजनिक गरेकोमा सुरक्षा अधिकारीहरु चकित भएका छन् । एकजना अधिकारीले भने, सुरक्षा समितिको बैठकमा उठेको विषय पत्रकार सम्मेलनमार्फत गृह मन्त्रीले नै सार्वजनिक गर्नु उपयुक्त भएन ।

## 'धम्की दिएको झूठो हो'

**टुडे समाचारदाता**



जनकपुरधाम । भूमिगत सशस्त्र समूह जनतान्त्रिक तराई मुक्ति मोर्चाका अध्यक्ष जयकृष्ण गोइतले कसैलाई कुनै प्रकारको धम्की नदिएको दाबी गरेका छन् ।


गृहमन्त्री राजकुमार लेखीले गोइतबाट चन्दा मागेको र धम्की आएको अभिव्यक्ति दिएपछि गोइतले आरोप सत्य नभएको दाबी गरेका छन् ।

जनकपुर टुडेसितको संक्षिप्त प्रतिक्रियामा उनले भने, मन्त्री लेखक आफ्ना जिल्लावासी रहेको दशैंको बेला शुभकामना आदानप्रदान भएको र त्यस बखत नै चन्दाको विषयमा चर्चा भएको थियो । 'चन्दा दिन नमिल्ने मन्त्रीजीले बताउनु भयो' गोइतले भने, त्यसपछि हामी चुप लाग्यौं ।

तीन वर्षदेखि निस्क्रिय रहेको जनाउँदै अध्यक्ष गोइतले भने, कसैले धम्की दिएर चन्दा मागेको भन्नु सत्य होइन । लेखी र आफूसँगै नेकपा एमालेमा रहेकाले पुरानै चिनजान भएको उनले बताए ।







# जाडोयाममा किन बढ्छ वायु प्रदूषण ?

काठमाण्डु । बर्सेनि जाडोयाम सुरु भएसँगै वायु प्रदूषण बढ्ने गरेको छ । वातावरण विद्हरूले चिसोको समयमा वायु प्रदूषण बढ्दै गएको भन्दै सचेत रहन आग्रह गरेका छन् ।

'एयर क्वालिटी इन्टेक्स' का अनुसार शुक्रबार मध्याह्नसम्म काठमाडौँ उपत्यकाको वायु प्रदूषण एक सय ५५ एक्युआइ छ । यो समाचार तयार गर्दासम्मको अवधिमा काठमाडौँ विश्वको छैटौँ प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ ।

भारतको नयाँ डिल्लीमा अत्यधिक प्रदूषण बढेपछि विद्यालय बन्द गरिएका छन् । आज मध्यान्हसम्म चार सय ४८ एक्युआइ रहेको एयर क्वालिटी इन्टेक्सको तथ्याङ्कमा उल्लेख छ । आज पनि नयाँदिल्ली विश्वको पहिलो प्रदुषित सहरका रूपमा सूचीकृत भएको छ । भारतमा बढेको प्रदूषित हावा नेपालमा पनि भित्रिने गरेको भन्दै आवश्यक तयारी र सतर्कता अपनाउनुपर्ने विज्ञको सुझाव छ ।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार ० देखि एक्युआइ ५० राम्रो अर्थात् हरियो सङ्केतले चिनिन्छ । "५१ देखि एक सयसम्मको एक्युआइलाई होसियार रहनुपर्ने अथवा पहेँलो सङ्केतले चिनिन्छ । यसैगरी एक सय एकदेखि एक सय ५० सम्मलाई अस्वस्थ मानिन्छ । यसमा श्वासप्रश्वास र मुटुरोगीका बिरामीलाई असर गर्छ भन्ने बुझिन्छ", उहाँले भन्नुभयो, "एक सय ५१ देखि दुई सय एकदेखिको एक्युआइलाई सबैलाई असर गर्ने र अस्वस्थ भन्ने बुझिन्छ । दुई सय एकदेखि तीन सय सयसम्मलाई धेरै अस्वस्थ मानिन्छ ।"

काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ ले पनि नेपाल सरकारले निर्धारण गरेको एक्युआइको मान तीन सयभन्दा बढी भएको अवस्थालाई विपद्का रूपमा लिने उल्लेख गरेको छ ।

यो विपद् रोक्न फोहर नबाल्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीले विशेष सावधानी अपनाउनुपर्ने कार्ययोजनामा उल्लेख छ ।

वातावरणविद् भूषण तुलाधारका अनुसार जाँडोको समयमा सामान्य अवस्थामा तातो हावा माथि जाने र चिसो हावा तल रहने भएकाले धुवाँलाई फैलिन मद्दत गर्ने बताउँदै सोही कारणले जाडोमा वायु प्रदूषण पनि बढ्ने उल्लेख गर्नुभयो । "जाडोयाममा विषेशगरी रातको समयमा पृथ्वीको सतह छिटो चिसो हुन्छ, जमिन नजिकको हावा पनि चिसिन्छ, चिसो हावा माथिल्लो तातो हावाभन्दा भारी हुने भएकाले तलै रहन्छ, यसले गर्दा प्रदूषित हावा माथि उठेर जान सक्दैन र वायु प्रदूषण बढाउँछ", उहाँले भन्नुभयो, "यसैगरी जाडोको समयमा बाक्लो तुवाँलो लाग्छ । तुवाँलो र प्रदूषणका कणहरूले सूर्यको प्रकाशलाई रोक्छ, जसले गर्दा तल्लो वायुमण्डल अझै चिसो रहन्छ र प्रदूषण हट्न गाह्रो हुन्छ ।"

तुलाधारले काठमाडौँ जस्तो भौगोलिक रूपमा थाल आकारको उपत्यकामा हावा बाहिर निस्किन



अझ कठिन भएकाले पनि जाँडोको समयमा प्रदूषण बढ्ने बताउनुभयो । जाडोयाममा घर तताउन तथा खाना पकाउन जैविक इन्धन (दाउँरा, कोइला) र तरल पेट्रोलियम ग्यासको प्रयोग बढ्ने, ग्रामीण क्षेत्रमा अझै पनि परम्परागत दाउरा जलाउने चलनले वायुमण्डलमा धुलो र प्रदूषक उत्सर्जन बढाउने उहाँको भनाइ छ ।

"राष्ट्रिय जनगणना २०७८ मा ५१ प्रतिशतले अझै दाउँरा र तीन प्रतिशतले गुइँठा बाल्ने गरको देखाउँछ, घरभित्रको प्रदूषणले महिला तथा बालबालिकालाई अझ बढी प्रभाव पार्छ", तुलाधारले भन्नुभयो, "नेपालमा वार्षिक ४८ हजार पाँच सयको मृत्यु वायु प्रदूषणबाट हुने गरेको पछिल्लो अध्ययनले देखाएको छ, त्यसमा आधाभन्दा बढी घरभित्रको धुवाँले प्रदूषण बढाउँछ ।"उहाँले सहरमा सवारीसाधनको इन्धन दहनको क्षमता जाडोयाममा घट्ने र यसले बढी कार्बन मोनोअक्साइड र नाइट्रोजन अक्साइड उत्सर्जित गर्दा पनि प्रदूषण बढ्ने बताउनुभयो ।

"जाडोको समयमा ग्रामीण क्षेत्रमा हिउँदको समयमा खेती कटानीपछि बचेको पराल र अन्य जैविक फोहर जलाइन्छ । आगो ताप्नका लागि पनि प्लास्टिक तथा अन्य वस्तुहरू बालिन्छ, यसले वायुमण्डलमा सूक्ष्म कणहरू अन्य हानिकारक ग्यासहरू बढाउँछ", वातावरणविद् तुलाधारले भन्नुभयो, "इँटाभट्टा, ऊर्जा उत्पादन गर्ने कोइलाजन्य उद्योग र सिमेन्ट उद्योगले जाडोयाममा उत्पादन कायम राख्छन् । धुवाँ र प्रदूषक उत्सर्जन बढ्ने भएकाले जाडोयाममा प्रदूषण तीव्र हुन्छ ।"

यसैगरी जाडोयाममा हावाको बहावको गति सामान्यतया सुस्त हुँदा प्रदूषण गराउने तत्व लामो समयसम्म एउटा ठाउँमा रहँदा प्रदूषणको घनत्व पनि बढ्ने वातावरणविद् तुलाधारले बताउनुभयो । "अब वन डडेलोको समय सुरु हुँदैछ, वन डडेलो लाग्न सुरु भएपछि अझै वायु प्रदूषण बढ्छ", उहाँले भन्नुभयो ।

**प्रदूषण न्यूनीकरणमा सहकार्य गर्दैछौः**

**वनमन्त्री शाही**

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले वायु प्रदूषण बढ्दा मानवीय स्वास्थ्यमा गम्भीर असर पारेकामा गम्भीर आपत्ति जनाउँदै न्यूनीकरणका लागि वातावरण सुधारका नीति कार्यान्वयन गर्न अन्तरसरकारी निकायबीच समन्वय गरिने बताउनुभएको छ । "वायु प्रदूषण बढिरहेको छ । न्यूनीकरणका लागि सम्बन्धित निकायसँग समन्वय काम भइरहेको छ", उहाँले भन्नुभयो, "वायु प्रदूषण न्यूनीकरणका तत्कालीन र दीर्घकालीन समाधान के हुन सक्छन् भनेर छलफल अगाडि बढाएका छौँ ।"

**समाधानका उपाय**

वातावरणविद् तुलाधारले प्रदूषण न्यूनीकरणका लागि जैविक इन्धनको उपयोग घटाउनु, परम्परागत दाउँरा र कोइलाको सट्टा नवीकरणीय ऊर्जा स्रोतहरू प्रयोग बढाउनु, सार्वजनिक यातायात प्रोत्साहन गर्नु, सवारीसाधनको प्रयोगलाई न्यून गर्न सरकारीस्तरमा नीतिगत कार्य गर्न आवश्यक रहेको बताउनुभयो ।

"वातावरणीय नीति र कानुनको कार्यान्वयन, प्रदूषक उत्सर्जन गर्ने सवारीसाधन र उद्योगहरूलाई कडाइका साथ निगरानी, जाडोयाममा वायुमण्डलीय प्रदूषण घटाउन दीर्घकालीन योजना र तत्कालीन उपायहरूको संयोजन आवश्यक छ ।" फोहर जलाउन रोक लगाउने, सचेतना अभिवृद्धि गर्नु, प्रदूषण बढी भएमा विद्यालय बन्द गराउनुलगायत अन्य उपायहरू रहेका उहाँले बताउनुभयो ।

**स्वास्थ्यमा गम्भीर असर**

जनस्वास्थ्यविद् डा समीर अधिकारीले बढ्दो वायु प्रदूषणले मानिसको श्वासप्रश्वासमा समस्या आउने, रुघाखोकी लाग्ने, दम बढाउने, फोक्सोको क्यान्सर, उच्च रक्तचाप, पक्षघात, हृदयाघातलगायत स्वास्थ्यमा गम्भीर असर पर्ने गरेको बताउनुभएको छ । "प्रदूषणका कारण तत्कालीन असरमा आँखा चिलाउने, छाला चिलाउने, दम बढ्नेलगायत समस्याहरू उत्पन्न हुन्छ । र दीर्घकालीन असरमा क्यान्सरजस्ता प्राणघातक रोगसमेत लाग्न सक्छ", उहाँले भन्नुभयो, "प्रदूषण बढेका बेलामा सकेसम्म घर बाहिर निस्कन हुँदैन । बाहिर निस्कँदा मास्कको प्रयोग गर्नुपर्छ ।"

**मौलिक हक हनन्**

वरिष्ठ अधिवक्ता दिनेशमणि त्रिपाठीले वर्तमान संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकलाई मौलिक हकका रूपमा राखे पनि नागरिकले स्वच्छ वातावरणमा बाच्न पाउने हकबाट बञ्चित हुनुपरेको बताउनुभयो ।

"संविधानको धारा ४६ मा न्यायिक उपचारको हकको व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो, "संविधानले स्वच्छ वातावरणको हकलाई मौलिक हकमा राखेर वातावरणीय पक्षलाई प्राथमिकता दिएको छ । वातावरणीय न्याय कार्यान्वयनको पक्ष भने कमजोर छ । राज्यले प्रदूषितरहित वातावरणमा बाँच्न पाउने हक कार्यान्वयनका लागि स्पष्ट नीति बनाएर त्यसको प्रभावकारी कार्यान्वयन हुनु जरुरी छ ।"पछिल्लो समय विश्वका अधिकांश मुलुकहरुले वातावरणीय हकलाई मौलिक हकका रुपमा राख्न थालेका छन् । वातावरण ऐन २०७६, वन ऐन २०७६ तथा राष्ट्रिय निकुञ्ज ऐन, २०२९ को व्यवस्था गरिएको छ ।

**सरकारको रणनीति**

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापनकेन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्शाङ्कन गरिनेछ रणनीतिमा उल्लेख छ ।

"औद्योगिक तथा अन्य क्षेत्रबाट निष्काशन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ । उद्योग र अन्य व्यवसायबाट निष्काशन हुने प्रदूषणयुक्त धुवाँ, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ", नीतिमा उल्लेख छ, "घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य चुल्हो, विद्युतीय चुल्हो, बायोग्यास, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणहरूको प्रवर्द्धन गरिनेछ । ऊर्जा किफायती भवन निर्माणमा जोड दिइनेछ ।"

प्रदूषण नियन्त्रणका लागि उत्सर्जनस्थल नक्साकनका लागि विक्षेपण जस्ता नवीनतम विधिहरूको प्रयोग गरिने पुनःप्रयोग गर्न नमिल्ने फोहरलाई आवश्यकतानुसार फोहर विसर्जन क्षेत्र , हानिकारक फोहर विसर्जन क्षेत्र भष्मीकरण यन्त्रका माध्यमबाट सुरक्षित तरिकाले विसर्जन गरिने तथा औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ ।रासस

# एसका नेता झा एमालेमा प्रवेश



**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एकीकृत समाजवादीको औचित्य र भविष्य सकिएको भन्दै मधेश प्रदेश कमिटीका सदस्य कृष्णकुमार झासहित दुई दर्जन नेता तथा कार्यकर्ता नेकपा एमालेमा प्रवेश गरेका छन् ।

नेकपा एस मधेश प्रदेश कमिटी सदस्य झासहित धनुषाका २१ जना कार्यकर्ताहरुलाई एमालेका महासचिव शंकर पोखरेलले पार्टीको केन्द्रीय कार्यालयमा नवप्रवेशीहरूलाई खादा लगाई स्वागत गरेका छन् ।

एमालेमा प्रवेश गर्नेहरुमा जनकपुरधाम उपमहानगरपालिका वडा कमिटीका अध्यक्ष रामस्वरुप महतो, सदस्यहरू रामभजन साह, किशोरी साह, सोनफी साह, मञ्जो मुखिया, इन्दुदेवी मुखिया, चन्द्रावती देवीलगायत छन् ।

विगतमा लामो समय कम्युनिष्ट आन्दोलनका साथै एमालेमै क्रियाशील एसका प्रदेश कमिटी सदस्य झाले अब जीवनभर एमालेमा रहेर पार्टीमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# शिशुको शव बरामद

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवा मा एकजना नवजात शिशुको शव बरामद भएको छ ।

जिल्लाको मलंगवा नगरपालिका स्थित गोरखकाली प्रहरी चौकी नजिकै वडा नम्बर २ स्थित झण्डा बजार जाने सहायक सडकमा रहेको होटल छेउको नालामा एक नवजात शिशुको शव बेवारिसे अवस्थामा फेला परेको जनाइएको छ ।

शुक्रबार बिहान सो बाटो भएर हिड्ने केही मानिसहरुले शिशुको शव नालाको पानीमा तैरिरहेको अवस्थामा देखेका थिए ।

सो शिशुको शव मलंगवामा खोलिएका अल्ट्रासाउन्ड क्लिनिकहरु मध्येका कुनै एक क्लिनिकमा गर्भपतन गराएर सो ठाउँमा फालिएको हुनसक्ने स्थानीयहरुले आशंका गरेका छन् ।

केही दिन अगाडि मात्र जिल्ला प्रशासन कार्यालय र मलंगवा नगरपालिकाको स्वास्थ्य शाखाले मापदण्ड विपरीत संचालन भइरहेका क्लिनिकहरुको अनुगमन गरी केही अवैध अल्ट्रासाउन्ड क्लिनिकहरुमा तालाबन्दी गरेका थिए । तालाबन्दी गरिएका ती क्लिनिकहरु पुनः संचालनमा आएपछि भ्रुण हत्या शुरु भएको छ ।


मापदण्ड पूरा नगरी संचालन भइरहेका अल्ट्रासाउन्ड क्लिनिकहरुमा तालाबन्दी गरिसकेको अवस्थामा पनि निर्धक्कताका संचालनमा छन् । यसप्रति सरोकारवाल निकायले आवश्यक कारबाहीका लागि कदम नउठाउँदा यस्ता घटनाहरु दिनहुँ हुने गरेको स्थानीयवासीहरु बताउँछन् ।

# पशुपतिनाथको कवच, मुकुट, नागमणि र एकमुखे रुद्राक्ष प्रदर्शन

काठमाण्डु । प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण त्रयोदशी र औँसीका दिन पशुपतिनाथमा प्रदर्शन गरिने नाथको कवच, मुकुट, नागमणि र एकमुखे रुद्राक्ष शुक्रबार बिहान देखाइएको छ ।

गत एक वर्षसम्म पशुपतिनाथ मन्दिरको माथिल्लो तलामा यी सामग्री सुरक्षित राखिएको भनी आज देखाइएको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो । मार्ग शीर्ष कृष्ण औँसीका अवसरमा यही मङ्सिर १६ गते बिहान पनि अर्को वर्षका लागि सुरक्षित राखिँदै छ भनी आममानिसलाई देखाउने परम्पराअनुसार यो देखाउने कार्यक्रम रहेको उहाँले बताउनुभयो ।

पशुपति क्षेत्रमा पशुपतिनाथको कवच, मुकुट, नागमणि र एकमुखे रुद्राक्ष हेर्न हजारौँ भक्तजनको घुइँचो लागेको थियो । काठमाडौँ महानगरपालिका वडा नं ९ बत्तिसपुतलीबाट पशुपतिनाथको कवच, मुकुट, नागमणि र एकमुखे रुद्राक्ष हेर्न पशुपतिनाथ मन्दिरको पश्चिम मूल ढोकाअघि लाममा बस्नुभएका सुरेश नेपालले ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका यस्ता सामग्री



हेर्ने रहरले आफू आएको बताउनुभयो । यस्ता सामग्री भावी पुस्ताका लागि पनि सुरक्षित गरि नुपर्ने उहाँको सुझाव छ ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र कोषका सुरक्षाकर्मीको सहयोग लिएर पशुपतिनाथको कवच, मुकुट, नागमणि र एकमुखे रुद्राक्ष आज बिहान प्रदर्शन गरिएको थियो । मार्ग शीर्ष कृष्ण त्रयोदशीका दिन देशभरबाट धेरै भक्तजन दिवङ्गत पितृका नाममा बत्ती बाल्न आउने अवसर पारेर पशुपतिनाथको कवच, मुकुट, नागमणि र एकमुखे रुद्राक्ष देखाउने परम्परा सुरु भएको कोषले जनाएको छ ।

बत्ती बाल्न आउनेको पशुपति क्षेत्रमा घुइँचो

मार्ग शीर्ष कृष्ण त्रयोदशीको राति शुक्रबार पशुपतिनाथमा बत्ती बाल्न आउने भक्तजनको बिहानैदेखि घुइँचो लागेको छ । बत्ती बेलुकी बाल्ने भए पनि रातभर बसेर महादीप दान गर्न उपयुक्त स्थानको खोजीमा भक्तजनको बिहानैदेखि घुइँचो लागेको हो । कति भक्तजन त बिहीबार राति पशुपति क्षेत्र आइपुगेको कोषका प्रवक्ता अधिकारीले उल्लेख गर्नुभयो । उहाँका अनुसार सबैलाई सहज रूपमा बसेर बत्ती बाल्न सक्नेगरी सबै व्यवस्थापन गरिएको छ ।

शुक्रबार रातभर बत्ती बाली शनिबार बिहान वाग्मतीमा सेलाएर भक्तजनले पशुपति क्षेत्रका विभिन्न स्थानमा शतबीज छर्छन् । यसो गरेमा दिवङ्गत पितृले सद्गति प्राप्त गर्ने धार्मिक विश्वास रहेको छ । पशुपति क्षेत्रमा लाग्ने बालाचतुर्दशीको सबै तयारी पूरा भएको पनि कोषले जनाएको छ । बत्ती बाल्न शुल्क नलाग्ने पनि कोषले स्पष्ट पारेको छ । रातभर बत्ती कुरेर बस्न नसक्ने भक्तजनका लागि मात्र कोषले आफैँ रसिद काटेर रु दुई हजार एक सय लिने सदस्य सचिव डा मिलनकुमार थापाले बताउनुभयो । आफैँ बत्ती कुरेर बस्ने भक्तजनका लागि भने कुनै शुल्क नलाग्ने उहाँले जानकारी दिनुभयो ।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ८, बल्वा टोलमा रहेको आफ्नै घरको बरण्डामा Parking गरिराखेको अवस्थाबाट मिति २०८१/०८/१४ गते करिब राती ०१:०० बजे लु.प्र.०१-००२ प ४५७८ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DHXPRE-24955 चेचिस नम्बर MD2A11CX2RPE-60374 को बजाज कम्पनीको Pulser 150 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः रुपक भेडेर यादव**
**ठेगानाः कल्याणपुर न.पा.-७, सिरहा**
**हाल :- जनकपुरधाम उ.म.न.पा.-८, धनुषा**
**मो. नं. ९८००८००९६४**
**९८१२१८७३९१**

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | वेलकम होटल | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | गौतम होटल, बर्दिबास | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२०१००, ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मिथिलाको पहिचान झल्काउने र मिथिलाकला विश्वभरि चिनाउने अभियान अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेस भवन जनकपुरधामको भित्तामा मिथिला चित्रकला कोर्दै चित्रकार।
*तस्बिर : रासस*

# प्रधानमन्त्री ओली चीनको औपचारिक भ्रमण जानुहुँदै



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले चीनका प्रधानमन्त्री ली खछ्याङको मैत्रीपूर्ण निमन्त्रणामा यही मङ्सिर १७ देखि २० गतेसम्म चीनको औपचारिक भ्रमण गर्नुहुने भएको छ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले जनवादी गणतन्त्र चीनका राष्ट्रपति सी जिनपिङसँग बेइजिङमा भेटवार्ता गर्नुहुने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ। प्रधानमन्त्री ओलीले आफ्ना चिनियाँ समकक्षी लीसँग द्विपक्षीय भेटवार्ता गरी द्विपक्षीय आपसी हितका विविध विषयमा विचार आदानप्रदान गर्नुहुनेछ । प्रधानमन्त्री ओलीसँग जनवादी गणतन्त्र चीनको राष्ट्रिय जन कांग्रेसका स्थायी समितिका अध्यक्ष झाओ लेजीको समेत भेट हुने तालिका रहेको छ।

भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा मुख्य सम्बोधन गर्नुहुर्ने कार्यक्रम छ । त्यस्तै उहाँले बेइजिङस्थित नेपाली राजदूतावास, चाइना काउन्सिल फर द प्रमोशन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासङ्घको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम छ ।प्रधानमन्त्री ओलीका साथमा उहाँका धर्मपत्नी राधिका शाक्य पनि रहनुहुनेछ । त्यस्तै प्रधानमन्त्री ओली नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा युवराज खतिवडा, संसद्हरु, विशिष्ट श्रेणीका सरकारी अधिकारीहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूलगायत हुनुहुन्छ ।रासस

# सरकारद्वारा उखुको मूल्य निर्धारण



महोत्तरी । सरकारले चालु आर्थिक वर्ष २०८१/८२ का लागि उखुको मूल्य निर्धारण गरेको छ । सरकारले बिहीबार निर्णय गर्दै गत वर्षको उखुमा प्रतिक्विन्टल रु २० थपेर नयाँ मूल्य निर्धारण गरेको हो । यसअनुसार गत वर्ष कायम मूल्य रु पाँच सय ६५ रहेकामा नयाँ मूल्य प्रतिक्विन्टल रु पाँच सय ८५ पुगेको छ।

यसैबीच, आम रूपमा वस्तुमा बढेको मूल्यवृद्धिको अनुपातसम्म नमिलाएर अहिले उखुको मूल्यमा गरिएको मूल्य वृद्धिले किसानमा निराशा बढाएको उखु उत्पादक किसान सङ्घ महोत्तरीले जनाएको छ ।मूल्य निर्धारण गरिँदा सरकार, चिनी उत्पादक र उखु किसानका प्रतिनिधिबीच छलफल र सहमति गरिनुपर्नेमा प्रक्रिया नअपनाइएको सङ्घका जिल्ला अध्यक्ष नरेशसिंह कुशवाहाले बताउनुभयो।

"पहिलेदेखि उखुको मूल्य निर्धारण गर्दा तीनैपक्ष (सरकार, चिनी उत्पादक र किसानका प्रतिनिधि) हुनपर्ने सैद्धान्तिक सहमति भए पनि यस पटक उखु उत्पादक किसान महासङ्घ र उखु उत्पादक किसान सङ्घका प्रतिनिधिलाई सहभागी गराइएको छैन", कुशवाहाले भन्नुभयो, "किसानसँग छलफल नगरी गरिएको मूल्य निर्धारण न्यायोचित हुन सकेन ।" आम वस्तुमा भएको मूल्यवृद्धि अनुसार उखु किसानले पनि पाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

"नेपाल राष्ट्र बैंकले आम रूपमा १५ प्रतिशत मूल्यवृद्धिको तथ्याङ्क देखाएको छ, उखुमा पनि सोहीअनुसार बढाउनु पर्छ", कुशवाहाले भन्नुभयो। चारदिन पहिले मात्र उखु उत्पादक किसानको छाता सङ्गठन उखु उत्पादक महासङ्घले आयोजना गरेको छलफलमा सरकारलाई यस वर्ष गतवर्षको तुलनामा १५ प्रतिशत मूल्य वृद्धि गरीदिन अनुरोध गरिएको भन्दै सुनुवाइ नभएको उहाँको भनाइ छ।

यसअघि गत वर्ष सरकारले उखुमा रु ७० प्रतिक्विन्टल अनुदान दिएको थियो। यस वर्षको अनुदानबारे अझै निर्णय नभएको महासङ्घका अध्यक्ष कुशवाहाले बताउनुभयो। उहाँका अनुसार १५ प्रतिशत मूल्य वृद्धि भएमा उखुको मूल्य रु छ सय ६९ प्रतिक्विन्टल पर्दछ ।जिल्लाको गौशाला-१ रामनगरस्थित एभरेष्ट सुगर ऐण्ड केमिकल इण्डष्ट्रिजमा कहिले उखु क्रसिङ थालिने यकिन नहुँदा खुट्टीउखु (दोस्रो वर्षको उखुबाली) काटेर हिउँदेबाली लगाउन नपाइने चिन्तामा किसान छन् । "चिनी मिल कहिले सञ्चालन हुने थाहा छैन। खुट्टीउखु काटेर हिउँदे बाली लगाउन नपाउने चिन्ता लाग्न थालेको छ", भङ्गाहा-४ का किसान अरुण गिरीले भन्नुभयो । क्रसिङ ढिलो हुँदा खुट्टीउखु काटेर अर्को बाली लगाउने समयसीमा नाघेँको उहाँको भनाइ छ। यस वर्ष जिल्लामा कूल नौ हजार बिघामा उखुखेती गरिएकोध्ये करिब चार हजार बिघामा खुट्टी रहेको सङ्घका अध्यक्ष कुशवाहाले बताउनुभयो । सरकारले मूल्यबारे पुनर्विचार गरी दिनुपर्ने र उद्योगले चाँडै क्रसिङ थाल्नुपर्ने किसान बताउँछन्।

यसैबीच एभरेष्ट चिनी उद्योगले यस वर्षको उखुको क्रसिङ मङ्सिर अन्तिम सातादेखि सुरु गर्ने तयारी गरेको छ। उद्योगमा यही मङ्सिर २० गते डोङ्गा पूजापछि उद्योग सञ्चालन गर्ने जनाउँदै पूजाको तयारी भइरहेको उद्योगका प्रशासकीय प्रबन्धक सुरेन्द्र शुक्लाले बताउनभयो । "डोङ्गा पूजा क्रसिङ खोल्न प्रत्येक साल गरिने अनुष्ठान हो। यो पूजा सकेपछि क्रसिङ थालिने छ", उहाँले भन्नुभयो ।रासस

# एसिया र विश्वकप यो हातले उचाल्नु छ : कप्तान महतो



*यु-१९ नेपाली महिला क्रिकेट टोलीकी कप्तान पूजा महतोले आसन्न एसियाकप र विश्वकप जित्नु अहिलेको अर्जुनदृष्टि भएको बताउनुभएको छ। युएईमा सम्पन्न दुईवटै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताको छनोट प्रतिस्पर्धा जितेर गृह जिल्ला महोत्तरी आउनुभएकी १८ वर्षीया पूजाले राससँगको सङ्क्षिप्त कुराकानीमा मुलुक फर्कदा सबै क्षेत्रबाट पाएको सम्मानले हर्षविभोर बनाउनुका साथै थप दायित्व बोध बढाएको बताउनुभयो।*

*पछिल्लो समय खेलप्रति आम रुपमा जागेको चासो र विश्वासले नेपाली खेल जगत्ले अबका दिनमा झनझन सफलताको सिँढी चढ्ने उहाँको विश्वास छ। प्रस्तुत छ, कप्तान महतोको महोत्तरीको गौशाला-९ डुमरवानास्थित घरमै क्रिकेटमा उहाँको लगाव र भविष्यका बारेमा रासस जिल्ला सम्वाददाता गोपाल बरालले गर्नुभएको सङ्क्षिप्त कुराकानीको सम्पादित अंश :*

**युएईबाट छनोट प्रतिस्पर्धा जितेर फर्केदेखि तपाईंलाई सम्मान र पुरस्कार लिन भ्याइनभ्याइ परेको छ । यसमा कस्तो महसुस गर्नुभएको छ ?**

युएईबाट छनोट प्रतिस्पर्धा जित्न सक्दा म निकै हर्षविभोर छु। छनोट प्रतिस्पर्धाको जितले नै यहाँ कति उत्साह दिएको रहेछ भन्ने त मप्रति दर्साइएको स्नेह र सम्मानले नै देखाएको छ। यहाँ आइपुग्नासाथ मधेस प्रदेश सरकार, स्थानीय तहहरु, विभिन्न राजनीतिक दल, सामाजिक सङ्घसंस्था , खेलकुद जगत र आम सर्वसाधारणबाट पाएको स्नेह र सम्मानले अबका दिनमा अझ राम्ररी अघि बढ्न हौसला र ऊर्जा दिएको छ। खेलप्रति र खासमा क्रिकेटप्रति बढेको यो चासोले अबका दिन खेलका लागि राम्रो समय आउला भन्ने आशा जागेको छ।

**तपाई ग्रामीण परिवेशको सामान्य किसान परिवारमा जन्मनु भएकी महिला । क्रिकेटमा कसरी जोडिनु भयो ?**

हो, तपाईंले भन्नु भएजस्तै म ग्रामीण परिवेशको सामान्य किसान परिवारमै जन्मिएकी हुँ । यहाँको खेतीपातीले घर धान्न धौधौ परेपछि मेरा पिता रञ्जित महतो परिवारसहित कामको खोजीमा भारतको दिल्ली पुग्नुभयो । हामी तीन दिदीबहिनी र एउटा भाइ त्यहीं (दिल्ली) बस्न थाल्यौं। मेरी कान्छी बहिनी आरती र भाइ कृष्ण दिल्लीकै एकेडेमीमा क्रिकेट सिक्थे । म उनीहरुलाई पुऱ्याउन जान्थे । त्यहीँ प्रशिक्षकले खै ममा के देख्नु भएर हो, मलाई पनि खेलाउन थाल्नुभयो। मैले चार वर्षदेखि खेलको अभ्यास थालेकी हुँ।

केही समयपछि भाइ एउटा खेलमा सहभागी हुन नेपाल आए। उनको नेपाल क्रिकेट सङ्घ (क्यान) का उपाध्यक्ष रोशनकुमार सिंहसँग भेट भएछ । भेटमा भाइले 'मेरी दिदी पूजा पनि राम्रो खेल्नुहुन्छ, उहाँलाई टिममा राख्नु न' भनेछन् । भाइ दिल्ली फर्केर मेरो खेलका तस्बिर र भिडियोहरु उपाध्यक्ष सिंहलाई पठाउँदा रहेछन् । मेरो खेल भिडियो र तस्बिरमा हेर्नु भएका उपाध्यक्ष सिंहले मलाई नेपाल झिकाएर खेलाउने निर्णय लिएर मेरा पिताजीसँग समन्वय गर्नु भएअनुसार म काठमाडौ पुगेँ। उपाध्यक्ष सिंहको पितृवत् कुशल अभिभावकत्व पाएँ। उहाँकै निर्देशन पालना गर्दै अघि बढ्दै जाँदा जिल्ला, प्रदेश हुँदै अहिले देशकै यू-१९ नेपाली महिला क्रिकेट टोलीको कप्तान बन्न सकेको छु। जे उपलब्धि देखिएको छ, पाइएको छ, त्यो क्यान र हाम्रो टोलीको साझा मेहनतको प्रतिफल हो।

**अब के योजनामा हुनुहुन्छ ?**

ल, यो पनि भन्नु पर्छ र ! अब केही सातामै (नोभेम्बर मध्यमा)मलेसियामा एसियाकप प्रतियोगिता हुँदैछ। लगत्तै एक महिनापछि डिसेम्बरमा विश्वकप हुँदैछ । अब अहिलेको सपना भन्नुस्, ध्येय वा लक्ष्य भन्नोस्, यी दुवै प्रतियोगितामा सफलता हात पार्नु हो। मलेसियामा आयोजना हुने यी दुवै प्रतियोगिता जित्नु अहिले हाम्रो टोलीको एकमात्र अर्जुनदृष्टि हो।

**अन्त्यमा केही भन्नुहुन्छ कि ?**

हजुर, मधेसमा प्रदेश सरकारले केही वर्षअघिदेखि 'बेटी पढाउ, बेटी बचाउ' अभियान सञ्चालन गरेको छ। अब 'बेटी खेलाउ' पनि भन्न पऱ्यो भन्ने मेरो आग्रह छ। खेलले किशोर र युवा उमेरका हाम्रा दिदीबहिनीको शारीरिक सुगठन मजबुत हुनुको साथै घरबाहिरका गतिविधिमा सक्रियता बढाउँछ। अनुशासन सिकाउँछ। मनभित्रको दुर्वलता हटाउँछ। यसपालिको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान पनि अहिले जारी छ। खेलमा बढीभन्दा बढी महिला सहभागिताले लैङ्गिक विभेदविरुद्धको अभियानलाई पनि सघाउँछ भन्ने मेरो विश्वास छ ।रासस

# राजनीतिक स्थिरताबाट मात्रै विकास सम्भव : उपप्रधानमन्त्री सिंह

दमौली ।उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थिरता भए मात्रै विकास निर्माणको कामले गति लिने बताउनुभएको छ । तनहुँको भानु नगरपालिका-१ भन्सारस्थित नयाँ सहर विकास आयोजनाको एकीकृत भवनको आज उद्घाटन गर्दै मन्त्री सिंहले देशलाई आर्थिक समृद्धिमा लैजान दुई ठूला दल मिलेर सरकार बनाएको बताउनुभयो।

छिनछिनमा सरकार परिवर्तन हुँदा विकासको काम अलपत्र पर्न थालेको महसुस भएपछि देशको विकासका लागि पनि दुई दल मिल्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "वर्षमा दुई/तीन वटा सरकार परिवर्तन हुँदा जनताको पक्षमा काम गर्न नसकिएको धेरै वर्षको अनुभवबाट महसुस भएको छ।

राजनीतिक स्थायित्व दिँदै देशलाई समृद्धितर्फ लैजान नेपाली कांग्रेस र नेकपा (एमाले) बीच सहमति भएर सरकार बनेको हो ।"वर्तमान सरकारको प्रमुख कार्यभार आर्थिक समृद्धि र जनताको पक्षमा काम गर्नुरहेको बताउँदै उहाँले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्र सुदृढ र संस्थागत गर्दै संविधानबाट प्राप्त अधिकारलाई प्रवर्द्धन गर्दै अगाडि बढ्नुपर्छ।"

हरेक नेपालीको जीवन र जीविकोपार्जन सहज बनाउने कार्यक्रम ल्याउने सरकारको दायित्व रहेको उल्लेख गर्दै त्यसतर्फ सरकार केन्द्रित रहेको मन्त्री सिंहको भनाइ छ । मन्त्री सिंहले रोजगारमूलक शिक्षामा जोड दिनुपर्ने बताउँदै हरेक नगरपालिकाले विद्यालयमा रोजगार मूलक शिक्षाको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।रासस

# ढुक्क हुनुहोस्, सरकार तीन वर्ष तलमाथि हुँदैन : मन्त्री गुरूङ



वालिङ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले दुई ठूला पार्टी मिलेर गठन भएको वर्तमान सरकार तीन वर्ष तलमाथि नहुने दाबी गर्नुभएको छ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले आयोजना गरेको छैटौं अध्यक्ष कप तथा खेलकुद महोत्सवको शुक्रबार मिर्मीमा उद्घाटन गर्दै उहाँले सरकार ढल्छ कि भन्ने भ्रममा नपर्न आग्रह गर्नुभयो।

देशमा राजनीतिक स्थायित्व नहुँदा अन्य विकास निर्माण, व्यापार, उत्पादनलगायत क्षेत्र प्रभावित हुने भएकाले देशलाई अग्रगति दिनका लागि निर्माण भएको वर्तमान सरकार आगामी निर्वाचनसम्म ढुक्ककासाथ टिक्ने उहाँको दाबी थियो।

"यो मुलुकको समृद्धिका लागि निर्माण भएको सरकार उद्देश्य पूरा नहुँदासम्म ढल्ने कुरा हुँदैन", उहाँले भन्नुभयो, "म ढुक्कका साथ भन्न सक्छु यो सरकार फेरिन्छ भन्ने भ्रममा नपर्नुस्, सरकार ढल्दैन, २०८४ को निर्वाचनसम्म जान्छ।" अझै डेढ वर्ष नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्ने र त्यसपछिको डेढ वर्ष नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने सहमति रहेको उहाँले बताउनुभयो।

मुलुक बनाउने दृष्टिकोण नभएका पार्टीहरू विभिन्न समयमा आउने र हराउने गरेको बताउँदै उहाँले यस्ता पार्टीसित तर्सनु नपर्ने जिकिर गर्नुभयो । "लोकप्रियताका लागि मात्रै भाषण गर्नेहरूसित मुलुक बनाउने भिजन हुँदैन", उहाँले भन्नुभयो, "यस्ता भिजन नभएका र लोकरिज्याइँ गर्नेहरूले नेतृत्व गरेको पार्टीको आयु अल्पायु हुन्छ, धेरै तर्सनुपर्दैन।"

देशमा विभिन्न समयमा आएका सङ्कट मोचनका लागि यिनै दुई ठूला पार्टीहरू एकठाउँमा उभिने गरेको स्मरण गर्दै अहिले पनि देशलाई समृद्धिको दिशामा लैजान एकै ठाउँमा उभिएको उहाँले बताउनुभयो। नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरूङले प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा आसन्न चीन भ्रमणका क्रममा विगतमा भएका सम्झौताको कार्यान्वयनमा जोड दिने उहाँले बताउनुभयो।

चीन भ्रमणका क्रममा बिआरआइका सन्दर्भमा सरकारले ऋण नलिने पनि उहाँले जानकारी दिनुभयो । कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य कल्पना तिवारी, भीरकोट नगरपालिका स्याङ्जाका प्रमुख गोविन्दकुमार कर्माचार्यलगायतका वक्ताले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

कालीगण्डकी गाउँपालिका-७ स्थित मिर्मी खेलमैदानमा शुक्रबारदेखि सुरू भएको छैटौं अध्यक्ष कप तथा खेलकुद महोत्सव आगामी आइतबारसम्म सञ्चालन हुने भएको हो। पुरूष महिला फुटबल, भलिबल, क्रिकेट (एकल/डबल), टेवल टेनिस (एकल/डबल) दौड, बुद्धिचालसहितका सात खेलका २२ विधामा सात सयभन्दा बढी खेलाडी सहभागी हुने गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो।

गाउँपालिकाले खेल क्षेत्रको माध्यमबाट पहिचान स्थापित गर्न र खेल पर्यटनको विकास गर्नका लागि प्रत्येक वर्ष खेल महोत्सव गर्दै आइरहेको छ। लुकेर रहेका प्रतिभालाई बाहिर ल्याउन र स्थापित खेलाडीलाई व्यावसायिकतातर्फ उन्मुख गर्नका लागि खेल महोत्सव कोसेढुङ्गा सावित हुने अध्यक्ष थापाको भनाइ थियो।

पालिकाका सात वडाबाट ९८ जना खेलाडीका दरले प्रतियोगी सहभागी हुने भएका हुन्। तीन दिनसम्म सञ्चालन हुने प्रतियोगिता अवधिभर २२ स्वर्ण, २२ रजत र २२ काँस्य पदकका लागि प्रतिस्पर्धा हुने भएको हो । प्रतियोगिताका विजेता तथा उपविजेता हुनेलाई नगद रू पाँच लाख १० हजार पुरस्कारस्वरूप उपलब्ध गराउने अध्यक्ष थापाले बताउनुभयो ।रासस


## राजर्षिजनक विश्वविद्यालय

जनकपुरधाम, धनुषा

## क्याम्पस प्रमुख पदमा आवश्यकता सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१/०८/१५**

राजर्षिजनक विश्वविद्यालय संगठन संरचना तथा व्यवस्थापन नियमावली २०७५ को परिच्छेद १९ को नियम १२८ मा भएको व्यवस्था अनुसार राजर्षिजनक विश्वविद्यालयको रौतहटको गौरमा रहेको आंगिक क्याम्पसमा रिक्त क्याम्पस प्रमुख पदका लागि यस विश्वविद्यालय वा अन्य विश्वविद्यालयमा कार्यरत प्राध्यापक/सहप्राध्यापकहरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र आवश्यक कागजातहरु सहित email:ccapplication@rju.edu.np मार्फत आवेदन पेश गर्नु हुन अनुरोध छ।

**आवश्यक कागजातहरू** : व्यक्तिगत विवरण, प्राध्यापक वा सहप्राध्यापकको नियुक्ति तथा विश्वविद्यालयमा काम गरेको पूरा अनुभव वर्ष खुल्ने प्रमाणित कागजात, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरु।

**सम्पर्क : ०४१-५९०९३६**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। रातीको सपना ।।

रात पर्दा अँध्यारोमा,
सपना आउँछन् साँचो जस्तो।
मनको गहिराइमा,
हिड्न थाल्छ अज्ञात बाटो।
आकाशमा चन्द्रमाले,
पार्दै दिनको छायाँ,
सपना बनाउँछ रंगीन,
आशा र डरको मिश्रित लहर।
कसैले पाउँछ आफ्ना पुराना यादहरू,
कसैले खोज्छ नयाँ कथा,
ध्यान छैन कहाँ जान्छ हिउँको यात्रा,
रातीको सपना बस, मनको लुकाएको रहस्य।
सपना ती हुन् जसले साँचो भए,
जीवनलाई नयाँ दिशा दिने,
तर कहिले फस्ने भ्रमेलामा,
कसैले उनीलाई नसम्झी, हर्षमा बस्ने।
रातीको सपना भनेको केवल विचार,
जीवनको गहिरो छायाँ,
तर हामी जस्ता जीवहरूको,
यो रमाइलो अदृश्य यात्रा।



लेखक : रश्मी दनुवार
मोरङ्ग नेपाल

## ।। बालपनको याद ।।

हामी सा - साना हुँदा,
हामी खान्थियौ भुजा।
केटाकेटी सबै मिलि,
खेल्थियौ डुलि डुलि।
भै- भगडा हुँदा पनि ,
मिल्थियौ हामी एकैछिन।
आमाबुबाको सामु हामी
हुन्थियौ सबै खुशी।।
केटाकेटीको समूह बनाई,
हिड्थियौ हामी डुलि डुलि।
सानो सानो कुरालाई,
हिड्थियौ हामी भुली भुली।
बालपनको यादलाई सम्भि,
आजदेखि दुःख भुली दियौं।



कविता लेखकः- नबिन श्रेष्ठ
हाल अध्ययन शिक्षणः- बि.एड स्नातक चौथो बर्ष
ठेगानाः- सीतापुर - खोरिया, भुचक्रपुर - बटेश्वर-१
अध्ययनरत हाल कलेजः- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबासः१, महोत्तरी

## सुन्दर जनकपुर, सफा जनकपुरः सपना कहिले हुन्छ पूरा?



दिपक ठाकुर
देवि चौक,जनकपुरधाम

जनकपुरधाम, नेपालको ऐतिहासिक र सांस्कृतिक महत्त्वको सहर, आफ्नो अद्वितीय पहिचानका कारण सबैको आकर्षणको केन्द्रबिन्दु हो। सीता माताको जन्मभूमि र रामायणकालीन स्थलका रूपमा यो सहरको धार्मिक महत्व अपार छ। तर, जनकपुरको यो ऐतिहासिक र सांस्कृतिक महिमा अहिले फोहोर र अव्यवस्थित विकासको कारण ओभेलमा परेको छ। सहरका गल्लीहरूमा थुप्रिएको फोहोर, प्रदूषित सरोवरहरू, र कमजोर जल निकासी प्रणालीले यसको सुन्दरता मात्र होइन, जनस्वास्थ्यमा समेत गम्भीर असर पुऱ्याएको छ।

सफा जनकपुरको कल्पना गर्दा त्यहाँको फोहोर व्यवस्थापन सबैभन्दा ठूलो चुनौतीका रूपमा उभिएको छ। नगरपालिकाका प्रयासहरू प्रायः योजनामै सीमित हुने गरेका छन्, र कार्यान्वयनको प्रभावकारिता निकै कमजोर छ। ठाउँ-ठाउँमा फोहोर कुहिएर दुर्गन्ध फैलिएको छ भने वातावरण प्रदूषणका कारण स्थानीय बासिन्दाहरू विभिन्न स्वास्थ्य समस्याबाट ग्रस्त छन्। अत्याधुनिक फोहोर व्यवस्थापन प्रणालीको अभाव र जनताको लापरवाहीले समस्या भन् जटिल बन्दै गएको छ।

यस समस्याको समाधानमा जनताको भूमिकालाई प्राथमिकता दिनुपर्छ। जनतालाई फोहोर व्यवस्थापन र सरसफाइको महत्त्वबारे सचेत गराउनु आवश्यक छ। सहरलाई सफा र व्यवस्थित बनाउन प्रत्येक नागरिकले आफ्नो जिम्मेवारी वहन गर्नुपर्छ। घर-घरबाटै फोहोर वर्गीकरण गर्ने प्रणाली लागू गर्नुका साथै पुनः प्रयोग र रिसाइकलका उपायहरू अपनाउनुपर्छ। यस्तै, स्थानीय समुदाय र सहकारी संस्थाहरूको सहकार्यले सहरको सरसफाइलाई प्रभावकारी बनाउन सक्छ।

जनकपुरलाई सफा, हरित, र सुन्दर बनाउन सरकार र नागरिकको संयुक्त प्रयास जरुरी छ। नगरपालिकाले दीर्घकालीन योजनाका लागि स्रोत साधनको समुचित प्रयोग गर्नुपर्छ भने नागरिकहरूले सचेत र जिम्मेवार व्यवहार देखाउनुपर्छ। सरोवरहरूको पुनर्निर्माण, सडक सुधार, र फोहोर प्रशोधनका लागि ठोस कदम चाल्न जरुरी छ। यसरी, सामूहिक प्रयत्न र इच्छाशक्तिको माध्यमबाट मात्र सुन्दर जनकपुर, सफा जनकपुरको सपना पूरा गर्न सकिन्छ।

## 'मधेशको अडान'

मधेसको माटो, मधेसीको नाम,
हाम्रो यात्रा सधैं साँचो र महान।
रगतले लेखिएका छन् हाम्रो कथा,
हामी लड्छौं, कसम छ, जबसम्म छैन शान्ति।
कसैले थाहा पाएका छैनन् हाम्रो पीडा,
तर हामीले हाम्रो माटोको रक्षामा पाएको छ जित।
तपाईंलाई थाहा छैन, मधेसको कथा,
तर हाम्रो आँखामा देख्न सकिन्छ उसको माया।
न कुनै आकाश, न कुनै स्वर्णपथ,
तर हाम्रो पिंजडामा यो धरती र हाम्रो हक।
हामीलाई थाहा छ, यो संघर्ष बेकार छैन,
हामी एकजुट छौं, यसैले हाम्रो जीत निश्चित छ।
हामी सधैं लड्नेछौं, हाम्रो अधिकारको लागि,
मधेसको पीडा अब कहिल्यै लुक्न सकिँदैन।
तपाईंले देख्नुभयो भने, यो आवाज भन्न सक्नुहुन्छ,
हामी एकजुट छौं, हामी अब लड्न सक्दैनौं।
मधेसी हौं हामी, न थाक्ने, न रोकिने,
हाम्रो यात्रा साँचो छ, हामीलाई दबाउन सकिदैन।
सपना हाम्रो, समृद्धिको सपना,
हाम्रो भविष्य हामीले आफ्नो हातले बनाउँछौं।
मधेसीको आवाज कहिल्यै थम्दैन,
हामी अब हाम्रो अधिकारको लागि लड्न तयार छौं।
हामीलाई थाहा छ, यो लडाइँ अन्त्य छैन,
तर जबसम्म न जितौं, तबसम्म कहिल्यै रोकिँदैन।
रात रातभरि, बर्सेपछि आँसु,
तर मधेसको मन कहिल्यै न थकाउँछ।
हाम्रो आँखामा उज्यालो छ,
हामी साँचो मार्गमा अघि बढ्दै छौं।
सपना देख्न मात्र होइन, अब त्यो पूरा गर्न छ,
मधेसको शान्ति र समृद्धि साँचो बनाउँछौं।
अहिले मधेसको कसम हाम्रा शपथसँग जोडिएको छ,
हाम्रो आवाज, हाम्रो हक, अब सधैं सुनिने छ।
हामी थाक्दैनौं, न रोकिन्छौं,
मधेसको लागि लड्न हाम्रो मन समर्पित छ।
हाम्रो संघर्ष कहिल्यै अधुरो रहने छैन,
मधेसी र मधेसको मुक्ति हामीले प्राप्त गर्ने छौं।



लेखकःराम पुकार महतो (बिद्रोही)

## ।। पैसाको खाचो ।।

पैसा, तिमी हो जीवनको साथि,
चाहिँदा हुँदैन तिमी बिना कुनै पथि।
सपना पुरा गर्न तिमी अपरिहार्य,
तिमी बिना साँचो, सस्तो र भ्रममात्रै थि।
कति व्यक्तिले यत्रा गर्छन् तिमी पछी,
र कति कष्ट भोग्छन्, तिमी बिना लाचि।
तर पैसा मात्र होइन, अस्तित्वको शक्ति,
साँचो खुशी भनेको तिमी बिना पनि मिल्छ खुशी।
पैसा जब हुन्थ्यो, खुशी थियो सधैँ,
तर पैसा नहुँदा, मन थाक्दैन कहिल्यै।
यो जीवन एउटा अजीब र अनौठो खेल,
पैसा बिना पनि पाउँछौं जीवनको मेल।
पैसा केवल साधन हो, इज्जत र माया पनि छ,
जीवनका मूल्यमान्यतामा, सबैको छ अधिकार।
पैसा धेरै चाहिँदैन, सन्तोषको हो जरुरी,
सस्तो र सरल जीवन, यसमा छ भव्यता पुरै।
पैसा को खाचो पुरा हुन्छ जब साँचो जीवन बाँचौं,
आफ्नो अस्तित्वमा सस्तो र साँचो आत्मा राखौं।
पैसा मात्र होइन, खुशीको साँचो राजा,
सपना पुरा गर्नु, यही हाम्रो राज निहरा।



लेखक : बब्लु शर्मा
ज. उ. न. पा. ७

## ।। देश चलाउने गजदार ।।

देश चलाउने नै गजदार र भष्ट भए
जनता जति बेरोजगारी ले खाड़ी गये छ
एयरलाइन को मान्य ज्यु मनमानी गरेछ
प्लेनको टिकट लाखों भयेछ
देश लाई डुबाउने भो भष्टाचारी नेता कोलिले
कम्बोडियामा अर्बौको लगानि गर्यो
जनता लाई ढार सेकने गरि कर लेको छ
विकासको नाउमा जिरो भयो
अब युवा युवती जागनु पर्यो
यो भष्टाचारी नेता लाई फल्नु पर्यो
गाउँ देखि सहरको जनता उठनु पर्यो
भष्टहरु लाई कुटनु पर्यो



धनेश्वर ठाकुर
धनुषाधाम ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। एकतर्फी माया ।।

भुलाउन सक्दिन म त्यो गहिरो नेत्र तिम्रो
जस्लाई हेर्दा म त्यस्मा डुब्न खोजछु सधैँ
न बिर्सने छु तिम्रो मुस्कान कहिले
जस्लाई हेर्दा मेरो दुःख मेटिन्छ अझै
खै के जादु गरेछौ तिमिले मेरो हृदय माथी कि
न उस्लाई केही मन पराउँछ छ अब
न त केही चाहिने हुन्छ सायद अब
तिमिले न बोले पनि सधै बोलाउन खोजछ
तिमिले न सुने पनि थुप्रै कुरा सुनाउन चाहन्छ तिमिलाई
यो माया एकतर्फी भए पनि माया त छ नि ! माया ?
मेरो मनलाई आशा छ तिमिलाई आफ्नो बनाउने छु एक्दिन
मेरो मुटुलाई बिश्वास छ सुखदुःख का साथी बनौला सायद
एक्दिन ।



लव मंडल
कक्षा :-१०
मडै. महोत्तरी

## ।। जिवनको परिकल्पना ।।

रहस्य मै हुदो रहेछ जिवन ।
विभिन्न जिम्मेवारीले गर्दा ।।
समयले पनि साथ दिएन ।
समस्या वारिपारी हुदा ।।
जीवन जीवन गारो हुदैछ ।
दुःखको बाढिले गर्दा ।।
सुर्यको किरण देख्नै सकिन ।
समस्या वरिपारी हुदा ।।
यो संसारको भगदौरमा ।
बिराउदै गए म आफना बाटा ।
लक्ष्य हराउदै गयो ।।
कास भगवानले मलाई दिएको हुन्थ्यो ।
उडनलाई पखेटा ।।
सजिलै पुगन सक्थे मन चाहे मुकाममा ।
सबैको भलो सेवा गर्थे ।
ठुलै उडान उड्थे खुला आसमानमा ।।
जीवन खुशयाली हुन्थ्यो ।
हेर्न घुम्न पाउथे यो संसारका कुना कुना ।।
जिवनको परिकल्पना स्वर्ग भन्दा सुन्दर हुन्छ । यसको खुशी हुन्छ लखौ करोडौं गुणा ।।
वास्तममा यस्तो परिकल्पना सुहाउदछ ।
मात्रा कथा कहानीमा ।।
जिवनको पनि सिकाइ हुन्छ भरेको जवानीमा ।
जतिसुकै प्रयास गर्दा ।।
भाग्य पनि लगछ ।
जब हामी बेरछौ जिम्मेवारीको थलानीमा ।।
कष्टकर हुदो रहेछ जीवन ।
विभिन्न जिम्मेवारले गर्दा ।।
समयले पनि साथ दिएन ।
समस्या वारिपारी हुदा ।।



लेखक : अनित अधिकारी

## ।। छुवाछूत ।।

रगत सबैका रातै हुन्छन् ,
जातजाति भनेर विभेद किन,हजुर!
मानवता भनेका ,त एकै छन् ,
तर ,छुवाछुत किन ,हजुर!
किन यस्तो भोग्नु परो,
उसले छैन कुनै पाप गरेको।
कुनै पाप कुकर्म नगरेपनि,
आँखाबाट किन दुःखका,
असिना झैं आँसु भरेको।।
कस्तो यो समाजको संरचना,
जातजाति हेरेर स्वाभाव देखाएको ।
ठुला कहलाउने जमात यहाँ ,
अर्कालाई सानो भन्ने ,
र, मपाइको नशाले मातिएको।
सुर्यले छैन छाडेको,
बराबर प्रकाश दिन।
हावाले छैन छाडेको,
बराबर श्वास दिन,
आखिर किन?
भेदभावले ग्रसित छन् ,
गरिब,दलितका जीवन।।



ईन्द्रजित कु.महतो
भफ्हा न.पा.-४ रामनगर बिर्ता
अध्ययनरत- श्री उ.मा.वि भफ्हा सितापुर,सिद्धपुर

## // अधुरा सपना //

अधुरा छन् ती सपना, जुन तिमीले देखायौ,
टुटेका छन् ती विश्वास, जुन मनले सजायौ।
जसरी निलो आकाशमा बादलले छोपे घाम,
त्यसरी नै तिमीले ढाक्यौ मेरो निदोश प्राण।
तिम्रा हाँसोमा हराउने मेरा दिनहरू,
आज आँसुमा डुबेका छन् ती आशाहरू।
साथ दिने वाचा, अब यादमात्र बाँकी,
मनको घाउ गहिरो छ, बोली भने सुख्खा छ बाकी।
कसरी सम्झौं त तिमीलाई, जब तिमीले चोरे जीवन,
मायाको रंग सिउरेर, दिएर गहिरो पीडा अनन्त।
तिम्रो नाम त अझै छ मनको कुनामा,
तर नामले पनि नुहाउँछ आँसुको नदीमा।
अब त सपना देख्न पनि डर लाग्छ,
किनकि अधुरो सपना फेरि जलेर टुक्रिन्छ।
तर मेरो आत्मा अझै खोज्छ तिमीलाई,
जसले दुख दिए पनि, सम्झन्छ हरेक पल तिमीलाई।
भुल्न सक्दिन, सकिन पनि, यो छ सत्य,
तिमीले छोडेको अधुरो माया सधैं नै रहन्छ अमर।



सौम्य राज पाठक
कक्षा १२, मोडेल कलेज
घर :- जलेश्वर ८ (बजराही)

## 'तिमीलाई भेटको त्यो दिन'

त्यो दिन ,
त्यो दिनको स्मृति मेरो मन भित्र ताजै छ
यही मनले त त्यसलाई , आफ्नो गहिराइमा सिंगारेछ ।
एक अनजान म , आफ्नो मुटु सँगै खै कता हराए गइसके
किनकि मैले त तिम्रा निर्दोष आँखाका नानीहरूलाई हेरे
अनि मुटुका कुनामा बसेका प्रेम भावलाई चुराए
सायद त्यही भए,
त्यही दिनदेखि म तिमीमा सधैंको लागि बस्न थाले ।
नसोध मलाई कि तिमीलाई भेटेको त्यो दिन देखि
मेरो जीवनमा कति सारा वसन्त फुल्यो भनेर
नसोध है तिमी पनि आफैले आफूलाई
कि कसरी एक नजरमै, यो मन अब अर्काको लागि धड्कदै छ ।
त्यो दिन त,
म खोजिरहेको , यो कालो जीवनमा उज्यालो छर्दै आयौ तिमी
सारा उष्णता र बृष्टीलाई मेटाउँदै , वसन्तलाई बोलायौ तिमी
अनि यो वसन्तले भरेको जीवन , छ केवल तिम्रै लागि
सजाएर राख्न सकु तिमीलाई मुटु भित्र , सधैं भरीको लागि
बाँकी यो सारा जीवन छ ,केवल तिम्रै लागि ।



नरेन्द्र नाथ साह ( कक्षा -१२)
कपटौल, धनुषा
मोडेल मल्टिपल कलेज जनकपुर

## ।। मरेको म ।।

मेरो कामको कुनै मोल छैन।
मेरो नामको कुनै अर्थ छैन।
मेरो कदमको कुनै गन्तव्य छैन।
मेरो ज्ञानको कुनै सम्मान छैन।
मेरो निर्णयको कुनै अस्तित्व छैन।
मेरो उपस्थितिमा कसैको ध्यान छैन।
म हुनु नहुनुको कसैलाई आवास छैन।
शरीर जिवित हुँदा पनि म बाचेको छैन।



नामः- सरजीत यादव
कक्षाः- १२ मोडल केम्पस जनकपुरधाम-04
सोनुखरा-01 महोत्तरी

## ।। एकेला ।।

वर्षाको तल जमिनमा बस्को मान्छे जस्तै एकेला हो म अरुको देशमा आमाबुबा नभको मान्छे जस्तै एकेल हो म ।

बाटोमा हिडेको यात्रि जस्तै एकेला हो म ।

जिबनको गन्तव्य सपना को सङ्गर बोकि राष्टबाट टाढाभको छु म बाटोमा हिडेको यात्रि जस्तै एकेला हो म वर्षाको तल जमिनमा बस्को मान्छे जस्तै एकेला हो म ।


जिबन जिउनको सिदान्त खोजदै छु म अरुलाई हईन म आफैलाई खोजदैछु थाहा भएनकि सानो बाल्यकालबाट यति ठुलो कहिले भई हाले कि आफने देश छाडेन बाध्यता आईहाले यो छोराको जिबन पनि असान हुदैन हजारौ दुख पिडाले मन दुखेको हुन्छ बाटोमा हिडेको यात्रि जस्तै एकेला हो म घरमा या देशमा भए पनि सबैको साथ भए पनि मन दुखे गरेको थिए बाहिर कोई आफ्नो नभए पनि मन दुखेको थिए थाहा भएनकि सानो बाल्यकालबाट यति ठुलो कहिले भई हाले कि आफने देश छाडेन बाध्यता आईहाले जिबन जिउनको सिदान्त खोजदै छु म अरुलाई हईन म आफैलाई खोजदैछु ।



लेखक मनिस नायक (सानुबाबु )
ठेगाना जनकपुर ११ कुर्था

# बौद्धिक पलायन रोक्न सीपमूलक र उत्पादन केन्द्रित शैक्षिक कार्यक्रम आवश्यकः अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बौद्धिक पलायन रोक्न विद्यालय तहदेखि नै सीपमूलक र व्यवहारिक शिक्षा दिई देशभित्रै उत्पादनमा केन्द्रित गर्ने कार्यक्रम आवश्यक रहेको बताउनुभएको छ।




निजी तथा आवासीय विद्यालयको छाता सङ्गठन (प्याब्सन) द्वारा आयोजित तेस्रो अन्तर्राष्ट्रिय शैक्षिक सम्मेलनको उद्घाटन गर्दै उहाँले युवा जनशक्तिमा स्वाभिमानी, सिर्जनशील र आत्मनिर्भर सोचको विकास गराउन सक्नुपर्नेमा जोड दिनुभयो ।“संविधानले परिकल्पना गरेको समाजवादोन्मुख आर्थिक सामाजिक व्यवस्थाको जग बसाल्न नयाँ पुस्तामा देशप्रति माया गर्ने, श्रमप्रति सम्मान गर्ने र नवप्रवर्तनमा आधारित उत्पादितमा केन्द्रित हुने सोचको विकास विद्यालय तहदेखि नै गराउन आवश्यक छ”, अध्यक्ष दाहालले भन्नुभयो । नेपालले विश्व शिक्षा प्रणालीमा आफूलाई प्रस्तुत गर्ने समय आएको उहाँको भनाइ थियो।

“नेपालले विश्व शिक्षा प्रणालीमा आफूलाई प्रस्तुत गर्ने समय आएको छ । अहिले शिक्षाको खोजी बर्सेनि अर्बौं रूपैयाँ विदेशिएको छ। यो लगानी स्वदेशमै रोक्न गुणस्तरीय र विश्वस्तरीय शिक्षा प्रणाली विकास गर्नुपर्छ”, अध्यक्ष दाहालले भन्नुभयो, “विदेशी विद्यार्थीलाई आकर्षित गर्दै नेपाललाई शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न सकिन्छ । त्यसका निम्ति व्यवस्थित अनुसन्धान, वैज्ञानिक नीति र सार्थक पहल आवश्यक हुन्छ।”

निजी क्षेत्रको प्रयासले प्रतिस्पर्धात्मक शिक्षाको विकास एवं राष्ट्रिय र अन्तर ाष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्तिको विकासमा महत्वपूर्ण योगदान पुगेको उल्लेख गर्दै अध्यक्ष दाहालले सरकारी र निजी क्षेत्रले एक-अर्काको बलियो पक्षलाई सदुपयोग गर्दै सहकार्य गर्नुपर्ने बताउनुभयो। “साझेदारीले शिक्षाको गुणस्तर सुधार्न, सबैलाई समान अवसर उपलब्ध गराउन र देशको समग्र शैक्षिक विकासमा ठूलो भूमिका खेल्छ । शिक्षासम्बन्धी संविधानप्रदत्त व्यवस्था र अधिकारसहित दुवै क्षेत्रको साझा प्रयासले मात्र नेपाललाई शिक्षित र समृद्ध समाजतर्फ अघि बढाउन सम्भव हुनेछ”, उहाँले भन्नुभयो, “यसका निम्ति सदाझैँ यहाँहरूको सहकार्य र सहयोगात्मक भूमिका रहने मैले विश्वास लिएको छु।”

शिक्षामा लगानी भनेको भविष्यमा देशलाई सक्षम बनाउने बाटो भएको उल्लेख गर्दै उहाँले उच्च नैतिक संस्कार युक्त, राष्ट्रिय आवश्यकताको बोध गर्न सक्ने, सीपमूलक, उद्यमशीलतामुखी, देशभक्तिपूर्ण भावनाद्वारा अभिप्रेरित, नवप्रवर्तनमा आधारित शिक्षाले मात्र आजको कार्यभार पूरा गर्नसक्ने बताउनुभयो।

“नेपालको शिक्षा विकासमा विविध चुनौती छन्, जुन गहन र बहुआयामिक छन् । यी चुनौती नीतिगत, प्राविधिक, सामाजिक र आर्थिक पक्षसँग सम्बन्धित छन् । शिक्षा क्षेत्रमा पर्याप्त नीति बनेका छन् तर तिनको कार्यान्वयन कमजोर छ”, अध्यक्ष दाहालले भन्नुभयो, “बढ्दो शहरीकरण र बसाइसराइँ, घट्दो जनसङ्ख्या दर, शैक्षिक जनशक्तिको विदेश पलायन, परनिर्भरमुखी सोच, पाश्चात्य शिक्षा एवं संस्कृतिको बढ्दो प्रभाव, विश्वव्यापीकरण जस्ता विषयहरूले हाम्रो शिक्षा नीति र संरचनामा गुणात्मक सुधार अनिवार्य छ।”

सङ्घीय शिक्षा ऐन संसदसम्म पुर्याएको उल्लेख गर्दै उहाँले संसदको आगामी अधिवेशनबाट यसलाई पारित गर्न जोड गरिने र ऐनले निजी विद्यालयहरूको सञ्चालन, शुल्क निर्धारण र व्यवस्थापनमा स्पष्ट र कानुनी दिशानिर्देश गर्ने बताउनुभयो। आफ्नो नेतृत्वको सरकारले विश्वविद्यालय लगायतका शैक्षिक संस्थामा मेरिटोक्रेसी लागू गर्ने घोषणा मात्र नगरी लागु गरेर देखाएको उहाँको भनाइ थियो।

सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रामा अझैहरुको लडाइँ जारी रहने प्रतिबद्धता व्यक्त गर्दै उहाँले भ्रष्टाचार र बेथितिका विरूद्ध नयाँ शिराबाट सङ्घर्षको झण्डा उठ्ने बताउनुभयो ।प्याब्सनका अध्यक्ष डिके ढुङ्गानाले दुई दिनसम्म चल्ने सम्मेलनमा सामुदायिक विद्यालयका प्राचार्य, शिक्षा क्षेत्रको विकासमा योगदान दिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाका प्रमुख प्रतिनिधि, शिक्षाविद्लगायत पाँच सय बढीको सहभागिता रहने जानकारी दिनुभयो ।रासस

# बुद्धका शिक्षाको प्रचारक र अनुयायी हुन प्रधानमन्त्री ओलीको आग्रह

लुम्बिनी । प्रधानमन्त्री केपी शर्मा ओलीले बुद्धका दर्शन तथा शिक्षाको प्रचारक र अनुयायी भएर समाजमा प्रस्तुत हुन आग्रह गर्नुभएको छ।



लुम्बिनी बौद्ध विश्वविद्यालयको तेस्रो विशेष दीक्षान्त तथा २०औँ वार्षिकोत्सव समारोहलाई शुक्रबार सम्बोधन गर्दै विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री ओलीले सबै सुखी होउन् भन्ने बुद्धका सन्देशको अर्को रुप नै आफूहरुले अघि सारेको ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षा भएकाले यसलाई पूरा गर्न सबैमा आग्रह गर्नुभयो।

अभिभावकको लगानी, माया र मेहनतबाट दीक्षित हुने अवस्थासम्मको सफलता प्राप्त गरेकामा अभिभावक र विद्यार्थीलाई बधाई दिँदै प्रधानमन्त्री ओलीले बुद्ध दर्शन, आचरण तथा शिक्षाको प्रचारक र अनुयायी भएर समाजमा प्रस्तुत हुन आग्रह गर्नुभयो।

“मानवीय गुण भनेको ढाँटछल, जालझेल र प्रपञ्च होइन । मानवीय गुण भनेको शान्ति, करुणा र प्रेमको गुण हो”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “घृणाले घृणा, अशान्तिले अशान्ति र शत्रुताले शत्रुता बढाउने तथा प्रेमले प्रेम, शान्तिले शान्ति र राम्रोले राम्रो नै बढाउने बुद्धदर्शनलाई हामीले पछ्याउनुपर्छ । नराम्रो मार्गमा हिँड्न हुन्न भन्ने थाहा पाइपाइकन पनि त्यस बाटोमा मान्छे हिँडिरहेको हुन्छ। त्यसबाट लाभ हुँदैन भन्ने थाहा पाएर गलत कामको लत बसाउनु हुँदैन । असल मार्गमा हिँड्न सक्नुपर्छ।”

प्रधानमन्त्री ओलीले लुम्बिनी बुद्धको जन्मथलो र बौद्ध दर्शनको पनि थलो भएको उल्लेख गर्दै यसलाई पावनभूमिका रुपमा विकसित र प्रचारप्रसार गर्न सरकारले पहल गर्दै आएको बताउनुभयो । उहाँले आफू पहिलो पटक प्रधानमन्त्री हुँदा लुम्बिनीमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनको आयोजना गरेको र दोस्रो कार्यकालमा पाँच हजार जना सहभागी हुनसक्ने ध्यान केन्द्र बनाउने काम गरेको स्मरण गर्नुभयो।

समारोहमा कुलपति ओलीबाट भिक्षुणी धम्मावती गुरुमालाई मानार्थ विद्यावारिधिसहित विभिन्न सङ्कायमा उपाधि प्राप्त दुई सय ८९ विद्यार्थी दीक्षित हुनुभएको थियो । प्रधानमन्त्री ओलीले जीवनमा कसैको कुभलो नचिताउने तथा सधैँ सकारात्मक चिन्तन र व्यवहार प्रदर्शन गर्नुहुने गुरुमाले मानार्थ विद्यावारिधिको सम्मान स्वीकार गरेर विश्वविद्यालयलाई थप सुपरिचित गराउनुभएको बताउनुभयो ।रासस

# उपराष्ट्रपति यादवसँग थाइल्याण्डका राजदूत सिरिसोर्नको शिष्टाचार भेट

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि थाइल्याण्डका राजदूत सुवापोङ्ग सिरिसोर्नले लैनचौर स्थित उपराष्ट्रपतिको कार्यालयमा शुक्रबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ। भेटमा शुभकामना आदानप्रदानपश्चात् दुई मुलुकबीचको द्विपक्षीय सम्बन्ध र सहकार्य, पर्यटन, व्यापार क्षेत्रमा लगानीलगायत विषयमा छलफल भएको उपराष्ट्रपतिको कार्यालयले जनाएको छ।



उपराष्ट्रपति यादवले नेपाल र थाइल्याण्डबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि उत्कृष्ट द्विपक्षीय सम्बन्ध रहँदै आएको उल्लेख गर्दै दुवै मुलुक साझा संस्कृति र धर्मले बाँधिएको बताउनुभयो।

“बुद्ध धर्मले दुई देश र जनताबीच मित्रता र सहयोगको बलियो बन्धन बनाएको छ”, उहाँले भन्नुभयो, “विभिन्न क्षेत्रीय र अन्तर्राष्ट्रिय फोरममा दुई देशबीच घनिष्ठ सहयोग र समान विचार रहेकोप्रति खुसी व्यक्त गर्दछु।”

थाइल्याण्ड इन्टरनेशनल डेभलपमेन्टकोअपरेसनएजेन्सीअन्तर्गत नेपालको मानवसंशाधन विकासको क्षेत्रमा प्रदान गरिएका सहयोगका साथै स्नातकोत्तर तहका विभिन्न विषयमा छात्रवृत्ति प्रदान गरिएकोप्रति उपराष्ट्रपति यादवले थाइल्याण्ड सरकारको प्रशंसा गर्नुभयो।

उहाँले नेपाली विद्यार्थीलाई छात्रवृत्ति र सरकारी अधिकारीहरूलाई नियमित रूपमा तालिमको अवसर प्रदान गरेकामा थाई सरकारलाई धन्यवाद व्यक्त गर्नुभयो।

उपराष्ट्रपति यादवले सांस्कृतिक आदानप्रदान, पर्यटन र खेलकुद, कृषि र पशुपालन विकास, विश्वविद्यालयहरू, व्यवसायी समुदायहरूबीचको सहकार्यलगायत विविध विषयमा आगामी मार्च २०२५ मा हुने ‘बिम्स्टेक’ शिखर सम्मेलनमा द्विपक्षीय सम्झौताहरूमा हस्ताक्षर गर्ने प्रस्ताव गरिएको जानकारी दिनुभयो।।

उपराष्ट्रपति यादवले सन् २०२६ मा नेपाल अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति हुनुको साथै सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गरी मध्यम आय भएको मुलुक बन्ने मुख्य प्राथमिकता रहेको बताउनुभयो।

नेपालका लागि थाइल्याण्डका राजदूत सिरिसोर्नले दुई देशबीच जनस्तरमा प्रगाढ सम्बन्ध रहेको उल्लेख गर्दै बुद्ध धर्मलाई केन्द्रमा राखेर हेर्दा धेरै कुरा दुवै देशमा साझा रहेको बताउनुभएको थियो। रासस

# बालबालिकाको आधारभूत अधिकार सरकारको प्राथमिकतामा छ : मन्त्री सुडी

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको आधारभूत अधिकार सरकारको पहिलो प्राथमिता भएको बताउनुभएको छ।

‘सेफ द चिल्ड्रेन नेपाल’ले शुक्रबार आयोजना गरेको ‘बाल अधिकारको शताब्दी समारोह’मा मन्त्री सुडीले बालबालिका देशको भविष्य मात्र नभएर वर्तमानका पनि महत्वपूर्ण अङ्ग भएको बताउनुभयो । बालबालिकाको आवाजले नीति तथा योजना निर्माणमा प्रभाव पार्ने उल्लेख गर्दै उहाँले बालबालिकाको संरक्षण, शिक्षा र स्वास्थ्य सरकारको प्राथमिकता भएको बताउनुभयो।

“नेपालमा बालअधिकारको संरक्षण र प्रवर्द्धनमा सरकारले नागरिक सङ्घ/संस्था र बालबालिकासँग सहकार्य गर्दै आएको छ, यस अवसरमा म सबै सरोकावाला खासगरी सरकारी निकाय, नागरिक संस्था, विकासका साझेदार एवं बालबालिकालाई बालअधिकारको संरक्षण र प्रवर्द्धनमा अझ सशक्त रुपमा सङ्लग्न हुन आह्वान गर्छु”, मन्त्री सुडीले भन्नुभयो।

बालअधिकारको सय वर्षको ऐतिहासिक यात्राले सबैलाई प्रेरित गरेको र अगामी दिनमा एक समावेशी र बालमैत्री समाज निर्माण गर्न सबै प्रतिवद्ध हुन मन्त्री सुडीले आग्रह गर्नुभयो । उहाँले बालअधिकारको जेनेभा घोषणापत्रको सय वर्ष पूरा भएको अवसरमा बालअधिकारका क्षेत्रमा क्रियाशील नागरिक संस्था र सञ्जालको नागरिक संस्था एवं बालअधिकारकर्मी र बालबालिकालाई धन्यवाद दिनुभयो।

सन् १९२४ मा बाल अधिकारको पहिलो जेनेभा घोषणापत्र जारी भएपछि बालअधिकारले अन्तर्राष्ट्रिय मान्यता र प्राथमिकता प्राप्त गरेको देखिन्छ । “बालअधिकारको यो लामो यात्रामा थुप्रै चुनौतीको सामना गर्दै आएको छ, जेनेभा घोषणापत्रले बालअधिकार महासन्धी १९८९ को आधार तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ”, मन्त्री सुडीले भन्नुभयो । विसं २०४७ भदौ २९ गते बालअधिकार महासन्धीको अनुमोदनपछि बालबालिकासम्बन्धी ऐन २०४७ र बालबालिकासम्बन्धी नियमावली २०५१ जारी गरेर नेपालले बालअधिकार संरक्षण र प्रवर्द्धनका लागि सङ्घदेखि स्थानीयस्तरमा संस्थागत संरचना स्थापना गरेको थियो।

> “बालअधिकारको यो लामो यात्रामा थुप्रै चुनौतीको सामना गर्दै आएको छ, जेनेभा घोषणापत्रले बालअधिकार महासन्धी १९८९ को आधार तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ”, मन्त्री सुडीले भन्नुभयो ।




सशस्त्रद्वन्द्वको समयमा बालबालिकाको संरक्षण चुनौतीपूर्ण रहे पनि नेपालको राजनीतिक परिवर्तनसँगै नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३९ र बालबालिकासम्बन्धी ऐन २०७५ ले बालअधिकारको सम्मान, संरक्षण र परिपूर्तिमा राज्यको दायित्वलाई स्पष्ट कानुनी व्यवस्थामा राखेको उहाँको भनाइ थियो।

“हामीले बालविवाह अन्त्य, बालश्रम उन्मूलन, शिक्षामा सबैको पहुँच र बालबालिकाको स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छौँ, यी उपलव्धिलाई प्राप्त गर्नमा विभिन्न सरकारी निकाय, नागरिक संस्था, विकासका साझेदार, संयुक्त राष्ट्र सङ्घीय निकाय एवं बालबालिकाको महत्वपूर्ण योगदान रहेको छ”, उहाँले भन्नुभयो।

सो अवसरमा सेभ द चिल्ड्रेन नेपालका राष्ट्रिय निर्देशक तारा क्षेत्रीले बालअधिकार केबल बालबालिका वा उनीहरुको पक्षमा पैरवी गर्ने संस्थाको मात्रै नभएर सबैको साझा मुद्दा भएको बताउनुभयो । “बालबालिका, उनीहरूको आवश्यकता, आवाज र अधिकार सधैँ केन्द्रमा रहेका छन, तर पनि चुनौती कायम नै छन्, जसले बालबालिकाको आवाज र नेतृत्वलाई अग्रपङ्क्तिमा राख्न अझ बलियो सञ्जालको आवश्यकतालाई औँल्याउँछ”, निर्देशक क्षेत्रीले भन्नुभयो।

नेपालका लागि युरोपियन युनियनका राजदूत भेरोनिक लोरेन्जोले नेपालको सन्दर्भमा बालबालिकाको अधिकारका लागि सरोकारवाला मात्रैभन्दा पनि सबै एकजुट भएर लाग्नुपर्ने धारणा राख्नुभयो ।रासस

# परराष्ट्रमन्त्री डा राणा छन्दुस्थित महावाणिज्यदूतावासमा

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आज चीनको सिचुवान प्रान्तस्थित छन्दुमा रहेको नेपाली महावाणिज्यदूतावासको निरीक्षण गर्नुभएको छ। त्यस अवसरमा उहाँलाईमहावाणिज्यदूत सुरेश राउतसहितका कर्मचारीहरुले स्वागत गर्नुभएको थियो।



मन्त्री डा राणालाई महावाणिज्यदूत राउतले महावाणिज्यदूतावासका कामकारबाहीका बारेमा जानकारी गराउनुभएको परराष्ट्रमन्त्रीको सचिवालयले जनाएको छ । मन्त्री डा राणाले आगामी वर्ष नेपाल र चीनबीच औपचारिक कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वार्षिकोत्सवको अवसर पारेर नेपाल र चीन सरकारद्वारा संयुक्त रूपमा घोषणा गरिएको नेपाल भ्रमण वर्ष २०२५ को स्मरण गराउँदै यस पृष्ठभूमिमा महावाणिज्यदूतावासलाई नेपालको पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न सुझाव दिनुभयो।

यस कार्यक्रमबाट दुवै देशको पर्यटन प्रवर्दधन हुनुका साथै जनस्तरको सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास उहाँले व्यक्त गर्नुभयो। मन्त्री डा राणाले नेपाली चिया, कफी, औषधिजन्य तथा सुगन्धित जडीबुटीजस्ता नेपालका विशिष्ट उत्पादनहरूलाई चिनियाँ बजारमा प्रवर्दधन गर्ने कार्यमा लाग्न निर्देशन दिनुभयो।

त्यस अवसरमा मन्त्री डा राणाले नेपाल चीन सम्बन्धलाई आर्थिक, सांस्कृतिक तथा जनस्तरमा थप सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

महावाणिज्यदूतावासमा आयोजित अन्तरक्रियामा चीनका लागि नेपाली राजदूत डा कृष्णप्रसाद ओलीलगायत पनि सहभागी हुनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।रासस

PLAN INTERNATIONAL
Until we are all equal

**Invitation to tender for Vehicle Rental Service**

**Ref. ERO-009 -24/25**

**Published Date: - 30 November 2024**

Plan International Nepal is an independent International development and humanitarian organization working with development partners in coordination with stakeholders to advance children's rights and equality for girls. It has been working in Nepal since 1978 and currently working in 23 districts.

Plan International Nepal, East regional Office, Janakpur invites to submit sealed tender for vehicle rental service from interested and eligible firms/entity registered in government of Nepal.

**1. ERO 009-024/025 -Vehicle Rental Service**

Tender document can be downloaded from https://tinyurl.com/5j72ryk6

**Deadline for Submission**

Sealed tender document should be submitted hardcopy clearly mentioning the Reference No. with heading on or before 5.00PM, 16 December , 2024 to Plan International Nepal East Regional Office Janakpurdham-4, Bisahara chowk, Dhanusha, Nepal Tel:- 041- 590050

*Say Yes! To keeping children and Young People Safe and Protected*

# ट्रम्पसँग 'खुलेर छलफल' गर्ने जापानका प्रधानमन्त्री इशिबाको भनाइ



एएफपी

टोकियो । जापानका प्रधानमन्त्रीले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग 'खुलेर छलफल' गर्ने बताउनुभएको छ।

"म आगामी राष्ट्रपति ट्रम्पसँग खुलेर छलफल गर्नेछु र गठबन्धनलाई नयाँ उचाईमा पुऱ्याउनेछु," शिगेरु इशिबाले संसदमा एक महत्वपूर्ण नीतिगत सम्बोधनमा भन्नुभयो । उहाँले भन्नुभयो, "स्वाभाविक रूपमा अमेरिकाको आफ्नै राष्ट्रिय हित छ र जापानको आफ्नै राष्ट्रिय हित छ । खुलेर विचार आदानप्रदान गर्ने र दुवै देशको राष्ट्रिय हितलाई समन्वयात्मक ढङ्गले अगाडि बढाउने हो भने यसले स्वतन्त्र र खुला इन्डो-प्यासिफिकलाई साकार पार्न मद्दत गर्नेछ भन्ने मलाई लाग्छ।"

बेइजिङले ताइवानलगायत एसिया-प्रशान्त क्षेत्रका क्षेत्रीय विवादमा आक्रामक व्यवहार देखाएको छ ।चीनले वार्षिक खर्बौं डलरको व्यापार हुने दक्षिण चीन सागरमा आफ्नो दाबी गर्दै आएको छ । टोकियो र बेइजिङबीचको सम्बन्धमा पनि 'इस्ट चाइना सी'मा विवादित जापान-नियन्त्रित टापुहरूका बिषयमा विवाद छ।

आणविक शक्ति सम्पन्न उत्तर कोरियाले आफ्नो क्षेप्यास्त्र गतिविधि विस्तार गरेपछि पनि टोकियो चिन्तित छ । ट्रम्पले आफ्नो पहिलो कार्यकालमा उत्तर कोरियाली नेता किम जोङ उनसँग भेटवार्ता गर्नुभएको थियो। इशिबाले एक राष्ट्रमाथिको आक्रमण सबैमाथिको आक्रमण भएको भन्दै एशियाली सैन्य गठबन्धनको निर्माणको लागि आह्वान गर्नुभएको छ। "जापान-अमेरिका सुरक्षा गठबन्धन जापानको कूटनीति र सुरक्षाको जग हो," इशिबाले भन्नुभयो।

उहाँले भन्नुभयो, "संयुक्त राज्य अमेरिकाले जापानमा अमेरिकी सेनाद्वारा नियन्त्रित सुविधा र क्षेत्रहरूको अस्तित्वबाट ठूलो रणनीतिक लाभ प्राप्त गर्दछ।"ट्रम्पको पहिलो कार्यकालमा जापानका तत्कालीन प्रधानमन्त्री शिन्जो आबेले अमेरिकी राष्ट्रपतिसँग न्यानो व्यक्तिगत सम्बन्ध स्थापित गर्नुभएको थियो । यसै महिनाको सुरुमा भएको चुनावमा ट्रम्पको जितपछि इशिबा र अमेरिकी राष्ट्रपति निर्वाचित ट्रम्पबीच जापानी 'निकै मैत्रीपूर्ण' टेलिफोन संवाद भएको थियो।

प्रमुख सहयोगी जापान र संयुक्त राज्य अमेरिका एक अर्काका शीर्ष विदेशी लगानीकर्ता हुन् । झण्डै ५४ हजार अमेरिकी सैनिकहरू जापानको ओकिनावामा तैनाथ छन् ।जापानले आफ्नो कडा शान्तिवादी अडान त्याग्दै आएको छ र 'प्रत्याक्रमण' क्षमता हासिल गर्न अघि बढिरहेको छ। अमेरिकी राष्ट्रपति जो बाइडेन र इशिबाका पूर्ववर्ती फुमियो किशिदाले गत अप्रिलमा रक्षा क्षेत्रमा 'नयाँ युग' को सुरूवात भएको घोषणा गरेका थिए।

जापानले आफ्नो सैन्य खर्चलाई कुल गार्हस्थ्य उत्पादनको दुई प्रतिशतको नेटो मापदण्डमा दोब्बर बनाउने प्रक्रियामा छ।

तर ट्रम्पको 'अमेरिका फर्स्ट' दृष्टिकोणको अर्थ यो हुन सक्छ कि उहाँको दोस्रो कार्यकालमा उहाँले सैन्य सहयोगका लागि थप कम नगद प्रदान गर्नुहुनेछ र जापानलाई अझ बढी योगदान गर्न दबाब दिनुहुनेछ।

ट्रम्पले सोमबार मेक्सिको र क्यानडाबाट आयात हुने सामानमा २५ प्रतिशत र चीनबाट आयात हुने सामानमा १० प्रतिशत कर लगाउने घोषणा गरेपछि अमेरिकाका केही ठूला व्यापारिक साझेदारमा त्रास छाएको थियो।

टोयोटा र होन्डालगायत धेरै जापानी निर्यातकहरूको मेक्सिको र क्यानाडामा प्लान्टहरू छन्। यो साता दुवै कम्पनीको शेयर मूल्यमा भारी गिरावट आएको छ ।जापानी सरकारी अधिकारीहरूले ट्रम्पको कर धम्कीबारे टिप्पणी गर्न अस्वीकार गरेका छन् र यसबारे इशिबाले सम्बोधनमा केही उल्लेख गर्नुभएन।

# 'एनपिएल'को उत्साहपूर्वक प्रतीक्षा, विश्वका खेलाडी नेपालमा

काठमाण्डु । स्टार्टअप व्यवसायमा सक्रिय युवा निशान सापकोटा नेपाल प्रिमियर लिग (एनपिएल) पोखरा एभेन्जर्सले जितोस् भन्ने चाहन्छन् । एकातिर आफ्ना प्रिय खेलाडी कुशल भुर्तेलको कप्तानी, अर्कातिर आफ्नै भूगोलसँग जोडिएको टिम । पहिलोपटक हुन लागेको एनपिएललाई लिएर बागलुङका उनी उत्साहित छन् । "शनिबार हुने उद्घाटन खेलको टिकट लिइसकेको छु, सबै खेल नछुटाइ हेर्ने योजनामा छु", उनले भने, "मनपर्ने खेलाडीको टिम रहेकाले पोखरा एभेन्जर्स मेरा लागि प्रतियोगिताभर विशेष रहनेछ।"



सापकोटाझैँ हरेक क्रिकेटप्रेमीको ध्यान यतिखेर एनपिएलतिर छ । देशभित्र मात्र नभएर विदेशमा रहेका क्रिकेटप्रेमी पनि नेपाली क्रिकेटको यो महाकूम्भलाई व्यवग्रतापूर्वक प्रतीक्षा गरिरहेका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) आफैँले आयोजना गरेको पहिलो संस्करणको यस प्रतियोगिता सशक्त टिम र विश्व क्रिकेटका चर्चित खेलाडीको सहभागिताका कारण पनि बढी चर्चामा छ । क्रिकेट टिममा भइरहेको लगानी र आकर्षणले पनि नेपाली क्रिकेटप्रति सार्वजनिक चासो बढ्दो छ।

काठमाडौँको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शनिबार एनिपिएलको भव्य शुभारम्भ हुनेछ । उद्घाटन खेल विराटनर किङ्स र जनकपुर बोल्टबीच हुने जनाइएको छ । आगामी पुस ६ गतेसम्म सञ्चालन हुने यस प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको क्यानका प्रवक्ता छुम्बी लामाले बताए । "नेपाली क्रिकेटका लागि एनपिएल आयोजना हुनु ठूलो उपलब्धि हो, देशविदेशका नेपाली र विदेशी क्रिकेटप्रेमीहरूले समेत यो प्रतियोगितालाई चासोपूर्वक लिनुभएको छ", उनले भने, "क्रिकेटप्रति नेपालीहरूले देखाएको उत्साह र समर्पणले क्यानलाई पनि ऊर्जा थपिएको छ।"

क्रिकेटप्रेमीहरूको उत्साहलाई निरन्तरता दिन र नेपाली क्रिकेटको विकासका लागि क्यानले अझ धेरै काम गर्न बाँकी रहेको उनले बताए । टिमका विदेशी खेलाडी, म्याच कमेन्टेटरहरू अधिकांश नेपालका रहेको प्रवक्ता लामाले जानकारी दिए । टिमहरूको अभ्यासलगायतका कामसमेत अन्तिम चरणमा पुगेको उनको भनाइ छ।

घरेलु क्रिकेटको सबैभन्दा ठूलो प्रतियोगिता एनपिएलमा आठ फ्रेन्चाइज टिम विराटनगर किङ्स, जनकपुर बोल्ट, चितवन राइनोज, काठमाडौँ गुर्खाज, पोखरा एभेन्जर्स, कर्णाली याक्स, लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्सले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा विश्वकपसहितका उच्चस्तरीय प्रतियोगिता खेलेका चर्चित स्वदेशी तथा विदेशी खेलाडी विभिन्न टिमबाट मैदानमा उत्रदैँछन् । हरेक टिममा न्यूनतम चारदेखि अधिकतम छ जनासम्म विदेशी खेलाडी रहने जनाइएको छ।

एनपिएल गर्भनिङ काउन्सिलले गरेको उक्त निर्णयानुसार कतिपय टोलीका विदेशी खेलाडी नेपाल आइपुगेका छन्भने कति आउने चरणमा रहेको क्यानले जनाएको छ। स्वदेश तथा विदेशका चर्चित खेलाडीको खेल कौशल हेर्न त्रिवि क्रिकेट मैदानमा दर्शकको बाक्लो उपस्थिति रहने निश्चित छ । फ्रेन्चाइज टिम पोखरा एभेन्जर्सका अध्यक्ष सुवोध त्रिपाठीले नेपाल प्रिमियर लिगले नेपाली क्रिकेटको भविष्यको बाटो कोरेको बताए।

उनले युवा खेलाडी उत्पादन गर्दै व्यावसायिक क्रिकेटलाई अघि बढाउन एनपिएलले महत्त्वपूर्ण योगदान पुग्ने उल्लेख गरे । आफूहरूले व्यावसायिक क्रिकेटको विकास गर्दै क्रिकेटलाई उद्योगका रूपमा विकास गर्न लगानी गरेको अध्यक्ष त्रिपाठीले बताए । चार विदेशी खेलाडी टोलीले अनुबन्ध गरेको र एनपिएलका लागि आफ्नो टोलीले रू १० करोड लगानी गर्ने त्रिपाठीले जानकारी दिए।

उनले भने, "हामी व्यावसायिक क्रिकेट खेलको विकास होस् भन्ने चाहन्छौँ, नाफा वा घाटाको विषय होइन यो, कुनै पनि व्यवसाय वा उद्योग स्थापित हुन समय लाग्छ, हामी क्रिकेट विकासका लागि आएका हौँ, त्यस मार्गमा अग्रसर हुन चाहन्छौँ ।", पोखरा एभेन्जर्समा कुशल भुर्तेलको कप्तानी रहनेछ।

उक्त टिममा सागर ढकाल, आकाश चन्द, किरणकुमार ठगुन्ना, नारायण जोशी, विपिन खत्री, दिलीप नाथ, त्रित राज दास, सुनाम गौतम, दिनेश खरेल, अमृत गुरूङ, आन्द्रेस गौस (अमेरिका), बास डे लिडे (नेदरल्याण्ड्स), म्याट क्रिचली (इङ्ल्याण्ड), रेमन राइफर (वेस्टइन्डिज), माइकल लिस्क (स्कटल्याण्ड), सुदीप आर्याल (आइकोनिक) खेलाडी रहनेछन् । पोखरा एभेन्जर्सले राजीव कुमारलाई प्रशिक्षक बनाएको छ।

जनकपुर बोल्ट्समा आसिफ शेख मार्की खेलाडी तथा ललित राजवंशी, अनिलकुमार साह, रूपेश सिंह, किशोर महतो, आकाश त्रिपाठी, शुभ कङ्साकर, शेर मल्ल, हेमन्त धामी, अरनिकोप्रसाद यादव, तुलबहादुर थापामगर, जिमी निशम (न्युजिल्याण्ड), जोशुआ ट्रम्प (अमेरिका), शोएब मक्सुद (पाकिस्तान), मोहमद मोहसिन (पाकिस्तान), लाहिरू मिलन्था (अमेरिका) र प्रशिक्षक पुबुदु दासानायके रहेका छन्।

विराटनगर किङ्ग्समा सन्दीप लामिछानेको कप्तानी रहेको छ । विराटनगरमा लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, राजेश पुलामीमगर, जितेन्द्रकुमार मुखिया, अनिल खरेल, दीपक बोहरा, सुभाष भण्डारी, नरेन भट्ट, मृनाल गुरूङ, अकिब इल्यास (ओमान), मार्टिन गप्टिल (न्युजिल्याण्ड), निकोलास किर्टन (क्यानडा), क्रिस सोल (स्कटल्याण्ड), इस्मल आलम (अफगानिस्तान) रहेका छन्भने प्रशिक्षक केभिन ओ ब्राइन रहेका छन्।

लुम्बिनी लायन्समा नेपालका कप्तान रोहितकुमार पौडेल मार्की खेलाडी रहेका छन्। उनका साथै सूर्य तामाङ, विवेक यादव, सन्दीप जोरा, आशुतोष घिरैया, तिलकराज भण्डारी, दुर्गेश गुप्ता, अर्जुन साउद, दिनेश अधिकारी, अभिषेश गौतम, विकाश अग्री, बेन कटिङ (अष्ट्रेलिया), उन्मुक्त चन्द (अमेरिका), टम मूर्स (इङ्ल्याण्ड), रेमन सिमन्ड्स (वेस्टइन्डिज), शादबिन जफर (क्यानडा), आरिफ शान (आइकोनिक) छन्। प्रशिक्षक नन्दन फाडनिस रहेका छन्।

चितवन राइनोजमा कुशल मल्ल मार्की खेलाडी रहेका छन् । रिजन ढकाल, कमलसिंह ऐरी, शरद भेषावकर, विपिन रावल, सन्तोष कार्की, दिपेश श्रेष्ठ, अमर सिंह रटैला, दीपक बोहरा, रञ्जीतकुमार, गौतम केसी, रवि बोपारा (इङ्ल्याण्ड), मार्चेन्ड डे लांग (दक्षिण अफ्रिका), (चोटले अनुपस्थित हुने) हसन इसाखिल (अफगानिस्तान), जान निकोल लोफ्टी इटन (नामिबिया), ल्यूक मार्टिन बेनकेन्स्टाईन (इङ्ल्याण्ड), सलाहुद्दिन खान (आइकोनिक) खेलाडी तथा उमेश पटवाल प्रशिक्षक रहेका छन्।

करण केसीको कप्तानीमा रहेको टिम काठमाडौँमा शाहब आलम, भीम सार्की, रसिद खान, शङ्कर राना, दिपेशप्रसाद कँडेल, सुमित महर्जन, कृष्ण कार्की, विवेक केसी, प्रतीक श्रेष्ठ, राजु रिजाल, नेथन सोउटर (इङ्ल्याण्ड), स्टेफन इस्किनाजी (इङ्ल्याण्ड), ड्यान डौथवेट (इङ्ल्याण्ड), माइकल लेभिट (नेदरल्याण्ड्स), जेहार्ड एरासमस (नामिबिया), कृष कार्की (आइकोनिक) रहेका छन् । वसन्त शाही काठमाडौँको प्रशिक्षक छन्।

दीपेन्द्रसिंह ऐरीको कप्तानी रहेको सुदूरपश्चिम रोयल्समा आरिफ शेख, अभिनाष बोहरा, विनोद भण्डारी, इशान पाण्डे, अर्जुन कुमाल, खडकबहादुर बोहरा, नरेश बुढायर, भोजराज भट्ट, अमित श्रेष्ठ, नरेन साउद, ब्रान्डन मक्मलेन (स्कटल्याण्ड), सेफ अलि जेब (इङ्ल्याण्ड), स्कट कुगेलेइन (न्युजिल्याण्ड), रोहन मुस्तफा (युएई), वसन्त खत्री (आइकोनिक) खेलाडी रहेका छन्।

कर्णाली याक्समा सोमपाल कामी मार्की खेलाडी रहेका छन् । गुलशनकुमार झा, नन्दन यादव, मौसम ढकाल, अर्जुन घर्ती, देव खनाल, रित गौतम, भुवन कार्की, दीपेन्द्र रावत, दीपक डुम्रे, युनिसविक्रमसिंह ठकुरी, शिखर धवन (भारत), हुनेस तलात (पाकिस्तान), बाबर हायत (हङकङ), चाडविक वाल्टन (वेस्टइन्डिज), जीशान मक्सुद (ओमान), विपिन शर्मा (आइकोनिक) तथा ज्ञानेन्द्र मल्ल प्रशिक्षक रहेका छन् ।रासस

# जापान सरकारद्वारा ९२ अर्ब डलरको अतिरिक्त बजेट योजना स्वीकृत

एएफपी

टोकियो। जापानमा सत्तारूढ लिबरल डेमोक्र्याटिक पार्टीको नेतृत्वको सरकारले १५ वर्षयताकै सबैभन्दा खराब चुनावी नतिजापछि ठूलो प्रोत्साहन प्याकेजका लागि थप बजेट स्वीकृत गरेको छ ।प्रधानमन्त्री शिगेरु इशिबाले आफ्नो सरकारको लोकप्रियतालाई बढावा दिने उद्देश्यले पनि रूग्ण उद्योग, व्यवसाय तथा समग्र अर्थव्यवस्थालाई उकास्ने उद्देश्यसहित यो अतिरिक्त बजेटको व्यवस्था गर्नुभएको हो।

मन्त्री परिषद्ले स्वीकृत गरेको अतिरिक्त बजेट १३.९ ट्रिलियन येन (९२ अर्ब अमेरिकी डलर) बराबरको छ र यो वर्षको अन्त्यसम्ममा संसदबाट पारित हुने अपेक्षा गरिएको छ ।यसलाई आंशिक रूपमा ६.६ ट्रिलियन येनभन्दा बढीको ऋणपत्र जारी गरेर वित्तपोषित गरिनेछ ।गत हप्ता इशिबाको मन्त्री परिषद्ले २१.९ ट्रिलियन येनको अतिरिक्त कार्यक्रमलाई अनुमोदन गरेको थियो, जसको समग्र प्रभाव ३९ ट्रिलियन येन बराबर हुने अनुमान गरिएको थियो।

यसमा कम आय भएका परिवारका लागि करिब ३०,००० येन, इन्धन तथा ऊर्जा अनुदान र साना व्यवसायका लागि सहयोग समावेश गरिएको छ ।पूर्ववर्ती फुमियो किशिदाको राजीनामापछि ६७ वर्षीय प्रधानमन्त्री इशिबाले अक्टोबर १ मा पदभार ग्रहण गर्नुभएको थियो। तर दशकौंदेखि लगातार शासन गर्दै आएको सत्तारुढ लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) भित्रको भ्रष्टाचारलाई लिएर मतदाताहरू आक्रोशित भएका छन्।

सन् २००९ पछि पहिलो पटक एलडीपी र यसको सानो सहयोगी कोमेइतो पार्टीको सत्तारुढ गठबन्धनको संसदको तल्लो सदनमा बहुमत गुमेको हो ।इशिबाले निराश ग्रामीण क्षेत्रहरूलाई पुनर्जीवित गर्ने र जापानको घट्दो जनसंख्याको 'शान्त आपतकालीन अवस्था' लाई सम्बोधन गर्ने वाचा गर्नुभएको छ।

माइनिची शिम्बुन दैनिकमा आइतबार प्रकाशित एक सर्वेक्षणले मन्त्रिपरिषद्को अनुमोदन दर अक्टोबरको सुरुको तुलनामा १५ अङ्कले घटेर ३१ प्रतिशतमा झरेको जनाएको छ। मन्त्रिपरिषद्प्रतिको अस्वीकृति दर ५० प्रतिशत थियो।

# सिरियाली जिहादी समूहद्वारा अलेप्पोमा आक्रमण

एएफपी

बेरुत । जिहादी र उसका टर्की समर्थित सहयोगीहरूले शुक्रबार सिरियाको दोस्रो शहर अलेप्पोमा सरकारी सेनाविरुद्ध ठूलो आक्रमण गरेका छन्।

बेलायतमा कार्यालय रहेको सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) का अनुसार यस हिंसामा २४२ जनाको मृत्यु भएको छ, जसमध्ये अधिकांश दुवै पक्षका लडाकुहरू थिए । मारिनेमामध्ये २४ जना सर्वसाधारण रहेका छन् र उनीहरू अधिकांश रूसी हवाई आक्रमणमा मारिएका बताइएको छ।

हिजबुल्लाह र इजरायलबीच यसै हप्ताको सुरुमा छिमेकी लेबनानमा कमजोर युद्धविराम लागू भएको समय सिरिया र यस क्षेत्रका लागि संवेदनशील समयमा आक्रमण सुरु भएको हो । सिरियामा सन् २०११ मा राष्ट्रपति बशर अल असदको सेनाले प्रजातन्त्र पक्षधर प्रदर्शनमा कडाइ गरेपछि गृहयुद्ध सुरु भएको थियो।

त्यसयता सिरियामा पाँच लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ, लाखौं मानिस विस्थापित भएका छन् र देशको



पूर्वाधार र उद्योगधन्दामा व्यापक क्षति पुगेको छ । पछिल्ला वर्षहरूमा यो द्वन्द्व जिहादी र असदका सहयोगी रूस, इरान र हिजबुल्लाहलगायत विदेशी शक्तिहरूबीच जटिल युद्धमा परिणत भएको छ।

सेनाले युद्धमा गुमेको अधिकांश भूभागमा पुनः नियन्त्रण कायम गरे पनि जिहादी र उनीहरूका सहयोगीहरू रहेको क्षेत्रमा सन् २०२० देखि युद्धविराम शुरू भएको थियो। सिरियासँगको छिमेकी र असद विरोधी विद्रोहलाई समर्थन गर्ने टर्की समर्थित जिहादी र अन्य समूहले यसै साता सरकारी सेनाविरुद्ध ठूलो आक्रमण सुरु गरेका थिए।

**छात्रावासमा आक्रमण हुँदा चार विद्यार्थीको मृत्यु**

उत्तरी सिरियाको मुख्य शहर अलेप्पोमा रहेको सरकारी नियन्त्रित अलेप्पोस्थित एक विश्वविद्यालयको छात्राबासमा शुक्रबार भएको आक्रमणमा परी चार जना सर्वसाधारणको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

'सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स'का अनुसार शुक्रबारसम्ममा उनीहरूले उत्तरी सिरियाका ५० भन्दा बढी शहर र गाउँहरू कब्जा गरिसकेका छन्।लडाकू समूहले बिहीबार अलेप्पोलाई सिरियाको राजधानी दमास्कससँग जोड्ने राजमार्गमा आवागमन अवरूद्ध बनाएका थिए।

# अमेरिकी प्रस्ताव बारूदी सुरुङविरोधी विश्वव्यापी सन्धि प्रतिकूलः अभियान समूह

एएफपी

सिएम रिप । रूसको आक्रमणविरुद्ध लड्न युक्रेनलाई कर्मचारी विरोधी खानी उपलब्ध गराउने अमेरिकी प्रस्तावले ऐतिहासिक विश्वव्यापी बारूदी सुरङविरोधी सन्धिलाई 'प्रभावित' पारेको अभियानकर्मीहरूले शुक्रबार बताएका छन् ।'एन्टी पर्सनल माइन ब्यान कन्भेन्सन' मा हस्ताक्षर गर्ने १६४ मुलकमध्ये युक्रेन पनि एक हो। सन्धिले बारूदी सुरङको प्रयोग, भण्डारण, उत्पादन र स्थानान्तरणलाई निषेध गर्दछ।

'एन्टी पर्सनल माइन ब्यान कन्भेन्सन' मा हस्ताक्षर संयुक्त राज्य अमेरिकाले गत हप्ता युक्रेनलाई बारूदी सुरूङ हस्तान्तरण गर्ने बताएको थियो । यसको अधिकारवादी समूहहरूले निन्दा गरेका थिए ।कम्बोडियाको सिएम रिपमा हस्ताक्षर गर्ने मुलुकहरूको बैठकमा अन्तर्राष्ट्रिय प्रतिबन्ध ल्यान्डमाइनका निर्देशक तामार गाबेल्निकले यो प्रस्तावले सन्धिलाई 'सङ्कटमा' पारेको बताउनुभयो।



> "एन्टी पर्सनल माइन ब्यान कन्भेन्सन" मा हस्ताक्षर संयुक्त राज्य अमेरिकाले गत हप्ता युक्रेनलाई बारूदी सुरूङ हस्तान्तरण गर्ने बताएको थियो ।

उहाँले भन्नुभयो, "त्यसैले हामी आशा गर्दछौं अमेरिकाले प्रस्ताव गरेको बारूदी सुरूङ विछ्याउने प्रस्तावलाई युक्रेनले दृढतापूर्वक अस्वीकार गर्नेछ।युक्रेनका रक्षा अधिकारी येभेनी किभशिकले शुक्रबार सिएम रिप सम्मेलनमा भन्नुभयो, "हामीले विश्व समुदायले उठाएका केही चिन्ताहरू सुनेका छौं। तिनीहरूलाई युक्रेन सरकारलाई अवगत गराइनेछ।"

सिएम रिपमा युक्रेनको प्रतिनिधिमण्डलले बारूदी सुरङको प्रस्तावबारे टिप्पणीका लागि सञ्चारकर्मीले पटक-पटक गरेको अनुरोधलाई अस्वीकार गरेको छ ।युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसी आक्रमण रोक्नका लागि यी खानी 'अति महत्वपूर्ण' भएको बताउनुभएको छ। बिहीबार फिनल्याण्डको रक्षा मन्त्रालयका एक अधिकारीले 'एन्टी पर्सनल ल्यान्ड माइन' लाई आफ्नो शस्त्रागारमा फिर्ता ल्याउने कि नल्याउने भन्नेबारे विचार गरिरहेको बताएका थिए।

फिनल्यान्डले माइन विरोधी सन्धिमा सामेल सन् २०१२ मा यो हतियार त्यागेको थियो तर यसको प्रयोगका पक्षधरहरूले युक्रेनमा रूसको युद्धका कारण देशको सुरक्षा वातावरण परिवर्तन भएको तर्क गरेका छन् ।फिनल्यान्डले दशकौं देखिको सैन्य असंलग्नतालाई त्यागेर गत वर्ष नेटोको सदस्य बनेको थियो ।यो कदमले उसको १,३४० किलोमिटर (८३० माइल) लामो सीमा साझा रहेको पूर्वी छिमेकी रूसलाई क्रुद्ध बनाएको थियो । यो सीमा अमेरिकी नेतृत्वको रक्षा गठबन्धनमारूससँगको सबैभन्दा लामो साझा सीमा हो।

सिएम रिप सम्मेलन पञ्चबर्षीय बैठक हो र यो एन्टी-ल्यान्डमाइन सन्धिमा हस्ताक्षर गरेका हस्ताक्षरकर्ताहरूद्वारा आयोजना गरिएको थियो । यो सम्मेलन 'एन्टीपर्सनल' खानीहरू बिनाको विश्वको परिकल्पनाका लागि यसको उद्देश्यमा प्रगतिको आँकलन गर्न आयोजित गरिएको थियो ।युक्रेनलाई बारुदी सुरङ उपलब्ध गराउने वासिङ्टनको निर्णयको विरोधमा मङ्गलबार विश्वभरका बारूदी सुरङ पीडितहरू बैठकमा भेला भएका थिए।

# जापानी 'गड अफ म्यानेजमेन्ट' एआई अवतारको रूपमा फिर्ता

एएफपी

टोकियो । जापानी कम्पनी पानासोनिकले एआई अवतारको रूपमा 'गड अफ म्यानेजमेन्ट' फिर्ता ल्याएको छ । यसले तपाईंको सबै व्यावसायिक प्रश्नहरूको जवाफ दिन तयार हुनेछ ।पानासोनिकका संस्थापक कोनोसुके मात्सुशिता सन् १९८९ मा ९४ वर्षको उमेरमा निधन भएको थियो।

उहाँको निधनको ३५ वर्षपछि पनि उहाँ जापानका सबैभन्दा सम्मानित उद्यमीमध्ये एकका रूपमा सम्मानित हुनुहुन्छ।

पानासोनिकको वेबसाइटमा मात्सुशिताबाट उद्धरणहरूको सूची पनि छ जसमा 'अब यो गर्नुहोस' देखि 'तपाईंको समयको बोली' सम्म सबै समावेश छन् ।पानासोनिकले मात्सुशिताको लेखन, भाषण र संवादबाट रेकर्ड गरिएको भाषण र अडियो डेटाको विशाल मात्राको आधारमा एआई अवतार सिर्जना गरेको बताएको छ।

"यसको उद्देश्य 'उहाँको दर्शनको अन्वेषण गर्नु र प्रकाश पार्नुका साथै र यसलाई अर्को पुस्तामा हस्तान्तरण गर्नु हो," इलेक्ट्रोनिक्स कम्पनीले बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै भनेको छ।

## विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । शुक्रबारका लागि तय भएको विनिमयदरअनुसार अमेरिकी डलर, युरोपियन युरो, अष्ट्रेलियन डलरलगायतको मूल्य बढेको छ ।

राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ८८ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ४८ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ३७ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ०१ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय एक सय ७० रुपैयाँ ९० र बिक्रीदर एक सय ७१ रुपैयाँ ६६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ६१ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ २९ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ६८ पैसा र बिक्रीदर ८८ रुपैयाँ ०७ पैसा, क्यानेडियन डलर एकको खरिदद र ९६ रुपैयाँ ३१ पैसा र बिक्रीदर ९६ रुपैयाँ ७४ पैसा, सिङ्गापुर डलर एकको खरिदार एक सय रुपैयाँ ३९ पैसा र बिक्रीदर एक सय रुपैयाँ ८३ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिददर आठ रुपैयाँ ८८ पैसा र बिक्रीदर आठ रुपैयाँ ९२ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६१ पैसा र बिक्रीदर १८ रुपैयाँ ६९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ९१ पैसा र बिक्रीदर ३६ रुपैयाँ ०७ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ र बिक्रीदर ३७ रुपैयाँ १७ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९२ पैसा र बिक्रीदर तीन रुपैयाँ ९४ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ७२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८८ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ ३३ पैसा र बिक्रीदर ३० रुपैयाँ ४७ पैसा, साउथ कोरियन वन एक सयको खरिदर नौ रुपैयाँ ६६ पैसा र बिक्रीदर नौ रुपैयाँ ७१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३५ पैसा र बिक्रीदर १२ रुपैयाँ ४१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ०९ पैसा र बिक्रीदर १९ रुपैयाँ १७ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३३ पैसा र बिक्रीदर १७ रुपैयाँ ४१ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ६६ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ६१ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५७ रुपैयाँ ७५ पैसा र बिक्रीदर तीन सय ५९ रुपैयाँ ३४ पैसा, ओमानी रियाल एकको खरिददर तीन सय ५० रुपैयाँ ३३ पैसा र बिक्रीदर तीन सय ५१ रुपैयाँ ८९ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।रासस

### कोप-२९ को सहमति :

# कार्बन बजार सुनिश्चितता कति सम्भव ?

काठमाण्डु । बाकुको अजरबैजानमा यही साता सकिएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औँ शिखर सम्मेलन (कोप-२९)मा कार्बन व्यापारसम्बन्धी विषयको छलफलमा धेरै वर्षपछि भएको सहमतिले अब कार्बन व्यापारको बजार सुश्चित गराउन सक्ला भन्ने प्रश्न उठेको छ । विगतका कोपहरूमा भएका सहमति कार्यान्वयन गर्न धनी तथा विकसित मुलुकले आनाकानी गरिरहेका बेलामा कोप-२९ मा भएको कार्बन व्यापारसम्बन्धी सहमति पनि कार्यन्वयन नहुने हो कि भन्ने आशंका रहेको हो ।

बाकुमा सम्पन्न २९औँ कोपमा कार्बन व्यापारसम्बन्धी विषयको छलफलमा धेरै वर्षपछि भएको सहमतिप्रति नेपाल भने उत्साहित देखिएको छ । उक्त सहमतिले बजारमा आधारित कार्बन व्यापार र द्विपक्षीय सहमतिमा गरिने कार्बन व्यापारलाई अघि बढाउने बाटो खुलेको भन्दै कोपमा उपस्थित भएका नेपाल प्रतिनिधिहरूले सकारात्मक टिप्पणी गरेका छन् ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले नेपाल कार्बन व्यापारमा जाने अन्तिम तयारीमा रहेका बेला कोपमा भएको सहमतिले कार्बन बजार सुनिश्चित हुने भन्दै यसलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिनुभएको छ । "जलवायु वित्त एक दशमलव तीन ट्रिलियन अमेरिकी डलर पुऱ्याउनुपर्छ भन्ने हाम्रो माग रहेकामा अहिले तीन सय विलियन अमेरिकी डलर मात्र बढाउन सहमति भएको छ, तर कोपको दस्तावेजमा राखिएकाले आगामी दिनमा हामी निर्णयमा पार्न दबाब दिइरहने छौँ, यीलगायत कतिपय हाम्रा एजेण्डामा सहमति जुट्न सकेन", उहाँले भन्नुभयो, "तर कार्बन व्यापारसम्बन्धी हाम्रो एजेण्डामा सहमति जुट्नु निकै ठूलो उपलब्धि रह्यो ।"



"पेरिस सम्झौताको धारा ६ कार्बन न्यूनीकरण गर्ने प्रक्रिया हो । विकसित देशले कार्बन उत्सर्जन घटाउनुपर्ने दायित्व रहेको र कम विकसित मुलुकले कार्बन उत्सर्जन कटौती गरेबापत विकसित मुलुकलाई दिने आर्थिक प्रोत्साहन नै कार्बन व्यापार हो", उहाँले भन्नुभयो, "कार्बन व्यापारको बजार सुनिश्चित हुनसके नेपालजस्ता कम विकसित मुलुकले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लक्ष्य कार्यान्वयन गर्न सहज हुनेछ ।"

मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा सिन्धुप्रसाद ढुङ्गानाले नेपाल कार्बन व्यापारमा जाने तयारी गरे पनि कार्बनको बजार अनिश्चित रहेका बेलामा कोपमा भएको सहमतिले कार्बनको बजार सुनिश्चित हुने बताउनुभयो । "हामी कार्बन व्यापारमा जाने त तयारी गरिरहेका छौँ, कार्बन खरिदबिक्रीका सहमति पनि भयो । तर अर्को पक्षले कार्बन किन्छु भनेर किनेन भने त हाम्रो बजार सुनिश्चित भएन नि", उहाँले भन्नुभयो, "कोप-२९ को कार्बन व्यापारसम्बन्धी सम्झौताले अब पेरिस सम्झौतामा टेकेर अगाडि बढ्न पाइन्छ, यी नेपालको हितमा गरिएको महत्त्वपूर्ण निर्णय हो ।"

ढुङ्गानाले कोप-२९ मा नेपालले स्वीडेनसँग कार्बन व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेको बताउनुभयो । "कोपमा भएको स्म्झौताले नेपालले कार्बन उत्सर्जन कटौती गरेर कार्बन सञ्चिती बढाएबापत स्वीडेनले कार्बन खरिद गर्ने भन्ने सम्झौता भएको छ", उहाँले भन्नुभयो, "उक्त सम्झौतमा ऊर्जा क्षेत्रमा कार्बन उत्सर्जन कटौती गर्न डिजेल-पेट्रोलको खपत घटाउने, खाना पकाउने इन्धनको रूपमा बढी प्रयोग हुने दाउरा घटाउने र विभिन्न उद्योगमा प्रयोग गरिने कोइलाको प्रयोग कम गर्ने तथा विद्युतीय सवारीको प्रवर्द्धनमार्फत वायुमण्डीलय सतहमा बढ्दै गइरहेको कार्बनडाइअक्साइडको दर कम गरी कार्बन न्यूनीकरण गरेबापत अब स्वीडेनसँग पैसा लिन सकिन्छ ।" नेपालले यसअघि विश्व बैंकसँग कार्बन खरिद सम्झौता गरिसकेको छ ।

रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले पनि नेपाल कार्बन व्यापारमा जान पूर्वतयारीसहित अगाडि बढेको सन्दर्भमा कोपमा पेरिस सम्झौताको धारा ६ मा भएका व्यवस्था कार्यान्वयन गरिने सहमतिले कार्बनको बजार सुनिश्चित हुने विश्वास व्यक्त गर्नुभयो । "कम कार्बन उत्सर्जनलाई उत्कृष्ट वनवित्त भनेर एउटा 'लिफ कोलिजन' संयन्त्र पनि बनेको छ । यस कोलिजनअन्तर्गत अमेरिका, बेलायत, नर्वे, साउथ कोरिया र २६ वटा प्राइभेट सङ्घसंस्था रहेका छन् । यसमा युनिरेभर, नेस्ले, बर्बेली, डैलटाजस्ता ठूला कम्पनीको कोलिजन बनेका छन् । यिनीहरूले इमरजेन्ट भन्ने नाफारहित संस्था बनाएका छन्", उहाँले भन्नुभयो, "त्यो संस्थासँग नेपाल सरकार र अर्थ मन्त्रालयबीच सन् २०२१ मा भएको आशयपत्र (एलओआई) अनुसार नेपालको तीनवटा प्रदेश गण्डकी, बागमती र लुम्बिनीको ३० मिलियन टन कार्बन उनीहरूलाई बेच्ने भन्ने सहमति भएको छ । अबचाहिँ सम्झौता गर्ने तयारीमा छौँ ।"

### निर्णय कार्यान्वयन हुँदा नेपालका लागि फाइदा

जलवायुविद् राजु पण्डित क्षेत्रीले कोप-२९ मा कार्बन व्यापारसम्बन्धी भएको निर्णय कार्यान्वयन भएमा कार्बन सञ्चितीबाट प्राप्ति गर्ने भुक्तानी सुनिश्चित हुने तथा कार्बन न्यूनीकरणका लागि थप प्रोत्साहन मिल्ने र नेपालका लागि फाइदा हुने दाबी गर्नुभयो ।

"पेरिस सम्झौताको धारा ६ कार्बन न्यूनीकरण गर्ने प्रक्रिया हो । विकसित देशले कार्बन उत्सर्जन घटाउनुपर्ने दायित्व रहेको र कम विकसित मुलुकले कार्बन उत्सर्जन कटौती गरेबापत विकसित मुलुकलाई दिने आर्थिक प्रोत्साहन नै कार्बन व्यापार हो", उहाँले भन्नुभयो, "कार्बन व्यापारको बजार सुनिश्चित हुनसके नेपालजस्ता कम विकसित मुलुकले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका लक्ष्य कार्यान्वयन गर्न सहज हुनेछ ।"

क्षेत्रीले कोपमा निर्णय हुनेबित्तिकै रकम आइहाल्ने व्यवस्था नभएकाले कार्बन व्यापारबाट बढीभन्दा बढी फाइदा लिन अब हामीले घरभित्र नै तयारी थाल्नुपर्नेमा जोड दिनुभयो । "नेपालले विश्व बैंकसँग कार्बन खरिद सम्झौता गरेको छ, सही क्षेत्रको कार्बन दोहोऱ्याएर अर्को पक्षलाई बिक्री गर्न मिल्दैन । यसबाहेक कार्बन व्यापारका क्षेत्रहरूको राम्रोसँग पहिचान गर्न जरूरी छ । जस्तै नविकरणीय ऊर्जाका क्षेत्र, वनजङ्गलबाट सञ्चिती हुने कार्बनलगायत क्षेत्रहरू छन्", उहाँले भन्नुभयो, "कुनकुन ठाउँ कार्बन व्यापारको राम्रो सम्भावना रहेको क्षेत्र हो भनेर पहिचान हुनु जरूरी छ ।"

### कार्बन बजारको प्रगति

युएनएफसिसिसीको सचिवालयले पेरिस सम्झौताको धारा ६ मा भएको कार्बन व्यापारसम्बन्धी सहमतिले विश्वबजारमा कार्बनको बजार सुनिश्चिता हुने भन्दै यो निकै उपलब्धिमूलक निर्णय भएको प्रतिक्रिया दिएको छ । सचिवालयका अनुसार पछिल्लो दुई हप्ताको महत्त्वपूर्ण उपलब्धि भनेको कार्बन बजारको प्रगतिमा भएको छलाङ हो । करिब एक दशक लामो प्रयासपश्चात् कोपमा उपस्थित विभिन्न मुलुकले पेरिस सम्झौताअन्तर्गत कार्बन बजार कसरी सञ्चालन हुने भन्ने अन्तिम संरचनामा सहमति जनाएका छन् । यसले देशदेखि-देश व्यापार र कार्बन क्रेडिटिङ संयन्त्र पूर्ण रूपमा सञ्चालनमा ल्याएको छ ।

कोपपछि युएनएफसिसिसीले आफ्नो आधिकारिक वेबसाइड (युएनएफसिसिसी डट आइएनटी) मार्फत भनेको छ, "कोप-२९ बाट भएको निर्णयले कार्बन क्रेडिटको व्यापारलाई देशहरूले कसरी स्वीकृति दिने र यसको ट्र्याक राख्न रजिस्ट्रिहरू कसरी सञ्चालन हुने भन्ने विषयमा स्पष्टता दिएको छ । यसले पारदर्शी प्रक्रियामार्फत प्राविधिक समीक्षा गरी वातावरणीय अखण्डता सुनिश्चित गर्ने विश्वास प्रदान गरेको छ ।"

पेरिस सम्झौताकै धारा ६ को (४) मा केन्द्रित कार्बन बजारसम्बन्धी विषयमा पनि कोपमा सहमति जनाइएको छ । कोप-२९ को पहिलो दिन, देशहरूले संयुक्त राष्ट्रसङ्घअन्तर्गत केन्द्रित कार्बन बजारको मापदण्डमा सहमति गरेको थिए । "यो विकासशील देशका लागि खुसीको खबर हो, यसले नयाँ वित्तीय प्रवाहमा फाइदा पुऱ्याउनेछ र कम विकसित देशहरू (एलडिसी) लाई यो अझ फाइदाजनक छ, यस बजारमा प्रवेश पाउन आवश्यक क्षमता निर्माण सहयोग प्राप्त गर्नेछन्", युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।

### विज्ञान र कार्बन बजार

धारा ६.४ अन्तर्गत संयुक्त राष्ट्रसङ्घीय कार्बन बजारलाई विज्ञानसँग समाहित गर्न निर्देशन दिएको छ । यसले बजारलाई सञ्चालनमा ल्याउने निकायलाई वैज्ञानिक प्रमाणको उपयोग गर्न निर्देशन दिएको हो । "कार्बन बजारमा गरिएको काम बाकुमा मात्र सीमित हुँदैन । नयाँ कार्बन क्रेडिटिङ संयन्त्र स्थापना गर्ने पर्यवेक्षण निकायले २०२५ को लामो कार्यसूची प्राप्त गरेको छ र यसलाई सदस्य राष्ट्रहरूलाई जवाफदेही बनाइनेछ", युएनएफसिसिसीको सचिवालयले जनाएको छ ।

यसैगरी पारदर्शी जलवायु रिपोर्टिङमा उल्लेखनीय प्रगति भएको र जलवायु नीतिहरूलाई सशक्त बनाउन बलियो प्रमाण तयार गर्ने विश्वास लिइएको छ । जसले वित्तीय आवश्यकता तथा अवसर पहिचान गर्न सहयोग गर्ने अपेक्षा छ । युएनफसिसिसीका अनुसार हालसम्म १३ पक्षहरूले पहिलो द्विवार्षिक पारदर्शिता रिपोर्ट (बिटीआर) प्रस्तुत गरिसकेका छन् । जुन सबै पक्षहरूले वर्षको अन्त्यसम्म प्रस्तुत गर्नुपर्ने हुन्छ ।

बेलायतको इन्टरनेशनल फरेस्ट युनिटले 'युएनएफसिसिसी' को 'रेडप्लस' कार्यक्रममा चार वर्षका लागि तीन मिलियन बेलायत पाउण्ड स्ट्रलिङको प्रतिबद्धता जनाएको छ । यस सहयोगले वन संरक्षणका गतिविधिलाई बलियो बनाउनेछ र सन् २०३० सम्म वनविनाश रोक्न तथा उल्ट्याउन ग्लोबल स्टकटेकको उद्देश्यसँग मेल खाने पारदर्शिता र कार्यान्वयनलाई प्रवर्द्धन गर्ने विश्वास छ । यसअनुसार राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धीका पक्षधर देशले आफ्नो जलवायु परिवर्तनसँग सम्बन्धित प्रतिबद्धताको मूल्याङ्कन र समीक्षा गर्छन् । यो प्रक्रिया पेरिस समझौताका भागको रूपमा लागू गरिएको हो र प्रत्येक पाँच वर्षमा गरिन्छ ।

### के हो कार्बन व्यापार ?

वायुमण्डलमा कार्बनसाइडलगायत ग्यासको उत्सर्जन बढी हुन गई जलवायु परिवर्तन भएको हो भन्ने तथ्य प्रमाणित भएको छ । राम्रो व्यवस्थापन गर्दा वनजङ्गलले कार्बनडाइअक्साइडलाई सोसेर जलवायु परिवर्तनको प्रक्रियालाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ । तर अर्कोतर्फ वनको विनाश र क्षयीकरण भएमा त्यसबाट कार्बनडाइअक्साइड उत्सर्जन भई थप जलावायु परिवर्तन हुन जान्छ ।

यस पृष्ठभूमिमा वन विनाश र वनको क्षयीकरण रोकी वनको दिगो व्यवस्थापन, वृक्षरोपण आदि गरी वन क्षेत्रबाट, फोहरमैलाको उचित व्यवस्थापनबाट तथा स्वच्छ ऊर्जा प्रवर्द्धनका गतिविधिबाट हरितगृह उत्सर्जन ग्यास कटौतीमार्फत कार्बन सञ्चिति बढाउने र सोबापत अन्तर्राष्ट्रिय भुक्तानी दाबी गर्ने कार्यक्रम कार्बन व्यापार हो । अर्थात् कार्बन उत्सर्जन कटौती गरेबापत आर्थिक प्रोत्सहनस्वरूप अन्तर ाष्ट्रियस्तरबाट उपलब्ध गराउने भुक्तानी नै कार्बन व्यापार हो ।

### कार्बन खरिदको संयन्त्र

वन कार्बन खरिद बिक्रीका विभिन्न प्रक्रिया छन्, जसलाई बाध्यकारी बजार र ऐच्छिक बजार भनिन्छ । हाल विश्व बैंकअन्तर्गतको कार्बन फण्डमार्फत कार्बन बिक्री गर्ने एवं देशको वनक्षेत्रको कार्बन वा उत्सर्जन आधार तयार गरी संयुक्त राष्ट्रसङ्घीय जलवायु प्रारूप महासन्धिमा पेश हुँदै आएको छ । पछिल्लो समय कार्बन सञ्चिति बढेको भने हरित जलवायु कोषमा रेडप्लसको प्रस्ताव पेश गरी भुक्तानीको दाबी गर्ने र द्विपक्षीय एवं बहुपक्षीय कार्बन व्यापार गरिँदै आएको छ ।रासस

# राष्ट्रिय गौरवतर्फका सडक आयोजनामा थप प्रगतिको अपेक्षा

काठमाण्डु । नागरिकलाई सहज रूपमा यातायात सेवा प्रदान गर्ने र विकासको अपेक्षित लाभ पुऱ्याउने लक्ष्यका साथ सुरू गरिएका राष्ट्रिय गौरवका आयोजनाको प्रगति अपेक्षित हुनसकेको छैन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतका छवटा राष्ट्रिय गौरवका आयोजनालाई शीघ्र सम्पन्न गर्नुपर्ने माग र दबाब भए पनि अनेकन उल्झन देखापरेको छ ।

पूर्वतयारी नगरी सुरू गरिएका त्यस्ता आयोजनामा निर्माण सामग्रीको अभाव, स्रोत तथा साधनको कम उपलब्धता, रूख कटान प्रक्रियामा लामो समय लाग्ने गरेको छ । विनियोजन भएको बजेट अपुग भएको, राष्ट्रिय निकुञ्जमा सडक तथा पुल निर्माणमा समस्या रहेको स्वयं मन्त्रालयकै विश्लेषण छ ।




कुल २४ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमातहत पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना, हुलाकी लोकमार्ग आयोजना, उत्तर-दक्षिण कोशी करिडर लोकमार्ग आयोजना, उत्तर-दक्षिण कालीगण्डकी करिडर लोकमार्ग आयोजना, उत्तर-दक्षिण कर्णाली करिडर लोकमार्ग आयोजना, पूर्वपश्चिम विद्युतीय रेलमार्ग आयोजना छन् ।

पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना आर्थिक वर्ष २०६४/६५ मा सुरू भएको हो । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पहिलो कार्यकालमा मध्यपहाड हुँदै सहज यातायाता सञ्चालन गर्ने लक्ष्यका साथ यो आयोजना अगाडि बढाउनुभएको थियो । आव २०८४/८५ सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाको सुरू लागत रू ३३ अर्ब ३६ करोड बराबर रहे पनि संशोधित लागत रू ८४ अर्ब ३३ करोड पुगेको छ ।

आयोजनाअन्तर्गत एक हजार आठ सय ७९ किलोमिटर सडक र एक सय ३७ वटा पुल निर्माण हुनेछ । सो आयोजनाको भौतिक प्रगति ७७ दशमलव ३२, वित्तीय प्रगति ८२ दशमलव शून्य तीन प्रतिशत पुगेको छ । हालसम्म एक हजार चार सय ५२ किलोमिटर सडक कालोपत्र र एक सय छवटा पुल निर्माण सम्पन्न भएको छ ।

सो आयोजनामा रूख कटान प्रक्रियामा लामो समय लागेको छ । गोरखा, नुवाकोट तथा लमजुङ जिल्लामा रेखाङ्कनलगायत समस्या परेको छ । मुआब्जा तथा क्षतिपूर्ति कार्यमा विवाद छभने सडक सीमा यकिन हुनसकेको छैन । उच्च प्राथमिकतामा आयोजनाको छिटोछरितो वातावरणीय प्रभाव मूल्याङ्कनलगायत विषयमा कानुनी व्यवस्था गर्नुपर्ने, सडक सीमा तोक्नुपर्ने, जग्गाको मुआब्जा वितरणमा थप सहजीकरण गर्नुपर्ने र विकास कर लगाउनुपर्ने सुझाव प्राप्त भएका छन् ।

तराई-मधेश हुलाकी लोकमार्ग आयोजना आव २०६६/६७ देखि सुरू भएको हो । आव २०८३/८४ मा सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको सो आयोजनाको सुरूआती लागत रू ४७ अर्ब २४ करोड रहेकामा हाल संशोधित लागत रू एक खर्ब एक अर्ब ६३ करोड बराबर पुगेको छ । एक हजार आठ सय ५७ किलोमिटर सडक तथा दुई सय ५० पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति ६६ दशमलव ९१ प्रतिशत र वित्तीय प्रगति भने ६२ दशमलव ६९ प्रतिशत बराबर छ । हालसम्म कालोपत्र सडक एक हजार दुई सय ५९ किलोमिटर सडक र पुल/कल्भर्ट एक सय ४२ वटा निर्माण सम्पन्न भएको छ ।

सो आयोजनामा बजेटको अभाव छ । यस्तै, निकुञ्जहरूमा सडक तथा पुल निर्माणमा समस्या छ । दुम्कीबास-त्रिवेणी खण्डमा विवाद रहेको छ । उत्तर-दक्षिण कोशी करिडर लोकमार्ग आयोजना आव २०६५/६६ मा सुरू भएको हो । आव २०८५/८६ सम्पन्न गर्ने लक्ष्य राखिएको सो आयोजनाको सुरू लागत रू ११ अर्ब ९३ करोड बराबर थियो ।

हाल संशोधित लागत रू १६ अर्ब २० करोड बराबर छ । एक सय ६२ किलोमिटर सडक निर्माण/कालोपत्र र २३ वटा पुल निर्माण गर्नुपर्नेछ । हालसम्म भौतिक प्रगति ३७ प्रतिशत र वित्तीय प्रगति ३५ दशमलव ८६ प्रतिशत पुगेको छ । नेपाली सेनामार्फत एक सय ५९ किलोमिटर ट्र्याक खोल्ने कार्य पूरा भएको छ । हालसम्म आयोजनामा ७४ किलोमिटर सडक ग्राभेल गरिएको छभने १० वटा पुल निर्माण सम्पन्न भएको छ ।

उत्तर-दक्षिण कालीगण्डकी करिडर लोकमार्ग आयोजनाको पहिलो खण्ड ( गैँडाकोट-राम्दी-मालढुङ्गा सडक) आव २०६६/६७ मा सुरू भएको हो । आव २०८३/८४ सम्पन्न गर्ने लक्ष्य राखिएको आयोजनाको सुरू लागत रू २० अर्ब बराबर रहेकामा संशोधित लागत रू २५ अर्ब बराबर पुगेको छ । कुल दुई सय ९३ किलोमिटर सडक कालोपत्रस्तरमा निर्माण/स्तरोन्नति गर्ने लक्ष्यका साथ सुरू भएको सो आयोजनाको भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ६१ प्रतिशतबराबर छ । हालसम्म एक सय ९१ किलोमिटर कालोपत्र र ३४ वटा पुल निर्माण सम्पन्न भएको छ भने सातवटा पुल निर्माणाधीन छ ।

यस्तै, उत्तर-दक्षिण कालीगण्डकी करिडर लोकमार्ग आयोजनाको दोस्रो खण्ड (बेनी-जोमसोम कोरला सडक) आव २०७३/७४ मा सुरू भएको हो । आव २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य राखिएको सुरूआती लागत रू १० अर्ब बराबर रहेकामा हाल संशोधित लागत रू १५ अर्ब बराबर पुगेको छ । दुई सय दुई किलोमिटर सडक कालोपत्रस्तरमा निर्माण/स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ६७ प्रतिशत बराबर छ । मन्त्रालयका अनुसार हालसम्म कालोपत्र सडक ६१ दशमलव पाँच किलोमिटर, ग्राभेल एक सय २७ किलोमिटर र १० वटा पुल निर्माण सम्पन्न भएको छ ।

उत्तर-दक्षिण कर्णाली करिडर लोकमार्ग आयोजना पनि राष्ट्रिय गौरवमा समावेश छ । आव २०६५/६६ मा सुरू भएको सो आयोजनाको सम्पन्न गर्नुपर्ने मिति यकिन भइसकेको छैन । कुल लागत रू १२ अर्ब रहेको छ । एक सय २३ किलोमिटर सडक कालोपत्रस्तरमा स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति तीन प्रतिशत र वित्तीय प्रगति दुई दशमलव सात प्रतिशत बराबर छ । सो सडकखण्डको खुलालुबाट सलिसल्लासम्म एक सय २३ किलोमिटर नेपाली सेनाबाट ट्र्याक खुलेको छ ।

त्यस्तै उत्तर-दक्षिण कर्णाली करिडर लोकमार्ग आयोजना हिल्सा-सिमीकोट सडक आव २०६९/७० सुरू भएको हो । आव २०८३/८४ सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको आयोजनाको सुरू लागत रू चार अर्ब १० करोड ५० लाख ३० हजारबराबर रहेकामा संशोधित लागत रू १५ अर्ब (कालोपत्र स्तरोन्नतिसमेत) पुगेको छ । कुल एक सय ४६ किमी सडक निर्माण/स्तरोन्नति गर्ने १० वटा पुल निर्माण लक्ष्य राखिएकामा हालसम्म भौतिक प्रगति ३१ प्रतिशत र वित्तीय प्रगति २६ दशमलव ५७ प्रतिशत पुगेको छ । मन्त्रालयका अनुसार एक सय ४५ दशमलव दुई किलोमिटर ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ । त्यसमा ११ किलोमिटर ट्र्याक खोल्ने काम नेपाली सेनाबाट भएको हो । यस्तै १५ दशमलव पाँच किलोमिटर ग्राभेल तथा दुईवटा पुल निर्माण सम्पन्न भएको छ ।रासस

# 'यथास्थितिको मौद्रिक नीतिले आर्थिक क्रियाकलापलाई गति दिन सक्दैन'




काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गर्दा कुनै पनि संशोधन नगरेर विगतको व्यवस्थालाई निरन्तरता दिएपछि बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) ले असन्तुष्टि जनाएको छ । यथास्थितिको मौद्रिक नीतिले आर्थिक क्रियाकलापलाई गति दिन नसक्ने सिबिफिनको भनाइ छ ।

"बैंक तथा वित्तीय संस्थाहरुको खराब/निष्क्रिय कर्जा एवं गैर बैंकिङ सम्पत्तिमा निरन्तर रूपमा वृद्धि भइरहेको, अपेक्षाकृत कर्जा लगानी हुन नसकेको, आर्थिक एवं बैंकिङ गतिविधिहलेसमेत गति लिन नसकिरहेको, आन्तरिक मागमा कमी आइरहेको, सरकारले पुँजीगत खर्च गर्न नसकिरहेको र निजी क्षेत्रको मनोबलसमेत खस्किरहेको वर्तमान परिस्थितिबीच जारी भएको समीक्षाले पछिल्लो समयमा विकसित विविध घटनाक्रमहरूलाई नीतिगत सम्बोधन गर्नुपर्ने अवस्थामा विगतको कार्यदिशालाई मात्र निरन्तरता दिइनुले मौद्रिक नीतिले लिएका लक्ष्यहरूको प्राप्ति र आर्थिक क्रियाकलापहरूले आशातीत रूपमा गति नलिने हो कि भन्ने चासो बढाएको छ", परिसङ्घले प्रेस विज्ञप्तिमार्फत भनेको छ ।

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा राष्ट्र बैंकले 'पर्ख र हेर'को रणनीति अवलम्बन गरेको पनि परिसङ्घले जनाएको छ । मौद्रिक नीतिको समीक्षामार्फत समयानुकूल थप नीतिगत सहजता हुनुपर्ने आवश्यकता रहेकामा त्यस्तो हुन नसकेको सिबिफिनले उल्लेख गरेको छ ।

बैंक तथा वित्तीय संस्थाहरूमा पर्याप्त तरलता रही न्यून ब्याजदर कायम भएको र सार्वभौम साख मूल्याङ्कनमा नेपालले हालैमात्र प्राप्त गरेको सन्तोषजक नतिजाले लगानी विस्तार, कर्जा प्रवाह तथा पुँजी परिचालनको लागि ठूलो अवसर सृजना भएको सिबिफिनको भनाइ छ । मौद्रिक नीतिको आगामी त्रैमासिक समीक्षामार्फत थप सहज नीति र उपायहरू अवलम्बन गर्न पनि राष्ट्र बैंकले आग्रह गरेको छ ।रासस

# एभरेष्ट पेपर मिलका मजदुर आन्दोलित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको महेन्द्रनगरमा रहेको एभरेष्ट पेपर मिलका मजदुरहरु आन्दोलनमा उत्रिएका छन् । विगत १५ महिनादेखिको तलब नदिएको भन्दै सो मिलका सयौँ कर्मचारी तथा मजुरहरु आन्दोलनमा उत्रेका छन् ।

वर्षौंदेखिको विद्युतको बक्यौता मिलले राखेपछि नेपाल विद्युत प्राधिकरणले लाइन काटि दिएको छ । लाइन काटिएपछि मिलको सम्पूर्ण कामकाज ठप्प भएको डेढ महिना भइसक्दा पनि मिलले कुनै पनि चासो नदेखाएको प्रति कर्मचारी जयकुमार यादवले गुनासो गरे । १५ महिनादेखिको तलब बाँकी नै थियो त्यसमाथि उद्योगको काम नै ठप्प भएपछि आफूहरु डेढ महिनादेखि बेरोजगार भएर बसेको उनले दुखेसो पोखे ।



अर्का कर्मचारी कौशल साहले आफूहरुको सहमति बिना पेपर मिलको प्रशासनले जगेडामा समेत केही महिना खटाएको गुनासो गरे । उनले जगेडाको सूचना निकालिएको म्याद सकेपछि कुनै पनि सूचना नआउँदा कार्यालय उपस्थित हुने गरेको बताए । उनले उद्योग संचालनका लागि वातावरण बनाउन आग्रह गर्दै केही महिना पछि तलब लिने बताएको संचालक ओमप्रकाश सर्राफलाई पटक पटक आग्रह गरेको बताए । तर संचालक सर्राफले भने वास्ता नगरेको उनले गुनासो गरे ।

उद्योग बन्द भएका कारण मिलका कर्मचारीहरु बेरोजगार जस्तै छन् । मिल प्रशासनले कार्यालय आएर बस्नेसम्मको ठाउँ नदिँदा आफूहरु बाध्य भएर आन्दोलित भएको एक मजदुरले बताए ।

स्थापनाकालदेखि नै कार्यरत्त सीताराम झाले अवकाश पाइसक्दा पनि उपदान र केही महिनाको तलब प्राप्त नभएको भन्दै उनले दुखेसो पोखे । अवकासप्राप्त कर्मचारी झाले पारिवारिक कलहका कारण एभरेष्ट पेपर मिल पिल्सिएको पनि बताए । उनले भने 'यही उद्योग चलाएर यहाँका मालिकले अरु अरु उद्योग खडा गरे पनि अहिले आएर यसै उद्योगलाई दुर्दशामा पुऱ्याउन कुनै कसर बाँकी राखेका छैनन् । यो समस्याको समाधान नगरिए मिलका मालिका विरुद्ध प्रचारवाजी गर्ने चेतावनी मजदुर हरुले दिए ।

२१ करोड रुपैयाँ बढी बिजुलीको बक्यौता बुझाउन एभरेष्ट पेपर मिलको बाँकी छ । यहाँबाट उत्पादन भएका कागज नेपालभरी आपूर्ती गर्नुका साथै भारत र जापानमा समेत आपूर्ति हुने गर्थ्यो । एभरेष्ट पेपर मिल बन्द हुँदा ३ सयभन्दा बढी कर्मचारी तथा मजदुरहरु प्रभावित भएका छन् ।

# राम-जानकी विवाह महोत्सवको भावुक क्षण

**ब्लग :**



**श्यामसुन्दर शशि**

जानकी मन्दिरका महन्तलाई गाली गरेको दृश्य अन्य नगरवासीको लागि दुर्लभ हुन सक्छ, तर जनकपुरधाममा आयोजन हुने तिलकोत्सवमा यस्तो दृश्य सामान्य हो । बाजा, गाजा, लावा लस्कर र एक सय एक पाहुरको भेटी लिएर अपरान्ह राम मन्दिर पुग्दा उहाँलाई गालीखानु पर्दछ । आश्चर्य नमान्नु होलागाली सुनेर महन्त रामतपेश्वर दास वैष्णव र उत्तराधिकारी महन्त रामरोशन दास मुसुमुसु हाँस्नु हुन्छ । छोरी जानकीको पिताको रुपमा महन्त रामतपेश्वर दास वैष्णव जानकीपट्टीका प्रवुद्ध व्यक्तिहरुको नेतृत्व गर्दै रामलाई तिलक गर्न राम मन्दिर पुग्छन् । त्यहाँ श्रीरामको पिताको रुपमा रामसंग मैथिलानीहरु सोध्ने गर्छन् -

*'रामजी स पूछे जनकपुरके नारी ,*
*बतावबबुवा ।*
*एक गोड एक कारी बतावबबुवा ।'*

अर्थात हे राम बताउ तिम्रो आमाबुवा त गोरा छन् । तिम्रा भाईहरु गोरा छन् । तिमी मात्र कालो हुनुको रहस्य के हो ? कहि तिम्रो आमा....................?

वर्ष भरि नै पर्व–त्यौहारको आयोजनमा जुटिई रहने मुलुकको सांस्कृतिक राजधानी जनकपुरधाम राम–सीता विवाह महोत्सवलाई बडो उत्साहका साथ मनाउँछन् । प्रत्येक वर्ष मंसिर शुक्लपक्ष पञ्चमीको दिन महोत्सवको आयोजन हुन्छ, तर तयारी भने दुई साता अघि देखि नै शुरु हुन्छ । आफ्नी प्यारी छोरी सीताकोविवाह बन्नुहुन्छ । उत्तराधिकारी महन्त रोशन दास जन्तीको स्वागतका लागि आतुर हुन्छन् । अनि रामपट्टी र जानकीपट्टीमा विभाजित नगरवासी उत्साहित हुन्छन् । राम मन्दिरको जग्गालाई रामपट्टी र जानकी मन्दिरको जग्गामा बसोवास गर्नेलाई जानकीपट्टी भनिन्छ । चुकि जिल्ला प्रशासन, जिल्ला प्रहरी, जिल्ला अदालत, गुठी लगायतका सरकारी कार्यालयहरु रामपट्टीको जग्गामा छन्, त्यसैले स्थानीय प्रहरी प्रशासन रामपट्टीबाट जन्तीको रुपमा सहभागी हुन्छन् । जानकी मन्दिरका महन्त, जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख तथा जनप्रतिनिधिहरु जानकीपट्टीबाट सहभागी भई जन्तीहरुलाई स्वागत गर्छन् ।

राम र जानकी मन्दिरबाट निस्किने डोला ऐतिहासिक बाह्रविघा मैदानमा पुगी संगम हुन्छ र त्यहाँबाट निस्किने संयुक्त शोभायात्रा (झाँकी) नगर परिक्रमा गरी बेहुला राम सहित जानकी मन्दिर प्रवेश गर्छन जहाँ राति राम सीताको मिथिला विधिविधान अनुसार विवाह हुन्छ। विवाहपूर्व मिथिलामा आयोजित हुने तिलक, मटकोर तथा विवाह पछि राम मन्दिरका महन्त राम गिरीले उनलाई स्वागत सत्कार गर्छन् । कन्यागतपक्षकापाहुनाहरुको स्वागत सत्कार र चिया चमेनाको दौड जारी शुरु हुन्छ । अर्को तिर महिलाहरुको समूहबाट निरन्तर गीतको निर झरणी प्रवाहित भई रहन्छ-



*समधी वड वुधियार,*
*वहिनबेचिकबन्हकीलगौलनि,*
*ताकथिचारुकात ।*

अर्थात सम्धीजी (जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव) बडो होसियार हुनुहुन्छ । बहिनी बेचेर आएका छन् र अहिले चारै तिर केटी खोजी राख्नु भएको छ । ब्रम्हचारी, गृहत्यागी महन्त दासलाई यस गालीले भने अलिकति पनि पिर हुदैन, बरु मुसुमुसु हास्दै राम मन्दिरका महन्त राम गिरीलाई अंगालो मार्नु हुन्छ ।

महन्तलाई मात्र होइन, यहाँ भगवान रामलाई पनि गाली गरिन्छ । यो मैथिली लोक जीवनको अभिन्न अंग हो र मिथिला संस्कारको जिवंत रुप पनि । मिथिलाञ्चलमा सम्धी र भिनाजुलाई गाली गर्ने परम्परा छ । झन् भगवान रामसंग त यस भन्दा पनि अस्लील गाली गलौज गरिन्छ । विवाह पञ्चमीको दिन महोत्सवलाई जनकपुरधामवासी विशेष प्रकारले मनाउँछन् । महोत्सवमा धार्मिक र मिथिलाको वैवाहिक विधि विधानको प्रदर्शन त हुन्छ नै मिथिलावासीमा भावुकताको पराकाष्ठा पनि त्यतिकै हुन्छ । आफ्नै चेली–बेटीलाई विवाह गर्ने बेलाको उत्साह, जन्तीहरुलाई स्वागत गर्ने बेलाको उमंग तथा छोरीलाई ससुरा विदा गर्ने बेलाको भावुकता यस महोत्सवमा छरपष्ट हेर्न सकिन्छ ।

यस आयोजन मार्फत मिथिलाको वैवाहिक विधिविधान तथा उज्वल संस्कृतिको प्रदर्शन गर्नुलाई मिथिलावासी गर्वको विषय ठान्दछन् । आयोजनको प्रारम्भदेखि अन्त्यसम्म स्थानीय नर–नारी तन्मयताका साथ सहभागी हुन्छन् । जन्तीलाई केसार (हँसी ठठ्ठाको क्रममा गालामा लगाउने दही, वेसार आदि) लगाएर रमाइलो गर्छन्, अनि डहकन (विहेको वेला सम्बन्धीपक्षलाई दिइने गीतिमय मधुर गाली) गाएर मनोरञ्जन गर्छन् ।

सीताराम विवाह महोत्सवको क्रममा जनकपुरधाम गीतमय बनेको हुन्छ । घर घरबाट विहे गीतको स्वर आउँछ । सीतालाई छोरीको रुपमा पूजा गर्ने जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव भावुक छोरी विदा गर्नु पूर्व हुने मरजाद भोज (रामकलेवा) पनि हुन्छ । अर्को शब्दमा भनौं भने मिथिलामा छोरी विहे गर्न गरिने सम्पूर्ण विधिविधानको आयोजन हुन्छ । यी अवसर हरुमा जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव जनकको रुपमा तथा राम मन्दिरका महन्थ राम गिरी दशरथको रुपमा प्रस्तूत हुन्छ । दुबै बीच 'समधि मिलन' पनि हुन्छ ।

महोत्सवमा देश विदेशबाट लाखौंको सहभागिता हुन्छ । महोत्सव नेपाल–भारतबीच रामायणकालदेखि विद्यमान 'बेटी–रोटी'को सम्बन्धको जिउँदो उदाहरण हो, तर रामजानकी विवाह महोत्सव, झुला, जानकी नवमी जस्ता पर्व उत्सवहरुमा लाखौंको सहभागिता भए पनि यस पर्व उत्सवहरुलाई हामीले व्यावसायीकरण गर्न सकेका छैनौ । श्रद्धालुका लागि शौचालय, खानेपानी र आवासलगायतका सुविधा उपलब्ध गराउनु नराम्रो होइन, तर धार्मिक पर्यटनलाई उद्योगको रुपमा स्थापित गर्न दीर्घकालीन योजना आवश्यक छ । कारण जनकपुरधामवासी मेला भर्न आएका दिसापिसाब सोहार्न मात्र होइन, उनीहरुले गरेको खर्चबाट घर परिवार चलाउन लायक बनून् भन्ने सोचको विकास हुनु आवश्यक छ ।

# हत्या आरोपमा तीनजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक प्रेमिकाले प्रेमीलाई विवाह गर्न दबाब दिएपछि उनको हत्या गरेको रहस्या खुलेको छ । सो हत्याको आरोपमा प्रेमीसहित तीनजनालाई प्रहरीले पक्राउ गरेका छ ।

पक्राउ पर्नेमा धनुषा जनकनन्दिनी गाउँपालिका वडा-३ का २२ वर्षीय रामललित खत्वे मण्डल, खजुरीका २० वर्षीय ज्ञानेन्द्र दास र शहीदनगर नगरपालिका वडा-८ स्थित नाथपट्टीका २४ वर्षीय रमेशकुमार मण्डल रहेका छन् ।



जनकपुरधाममा शुक्रबार रेखाकुमारी मण्डलको हत्यामा संलग्न रहेको आरोपमा उनीहरुलाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

धनुषाको जनकनन्दिनी गाउँपालिका वडा- ४ स्थित खजुरी र धनुषाको कमला नगरपालिका- २ स्थित सरावेको सीमानामा आमा खोलामा फेला परेको शवको पहिचान खुलेको छ । प्लाष्टिकको बोराभित्र रहेको बेवारीसे अवस्थामा प्रहरीलाई मंसिर ८ गते सो शव फेला परेको थियो ।

धनुषा जनकनन्दिनी गाउँपालिका- ५ स्थित उधा टोलकी रेखालाई घटनास्थलमा ल्याउन ज्ञानेन्द्र दास र रमेशकुमार मण्डलले सहयोग गरेको र राम ललित मण्डल खत्वेले ढुंगाले अनुहारमा प्रहार गरी मुर्छित बनाई दाह्री काट्ने छुरा ब्लेडले घाँटी रेटी हत्या गरेर फरार भएकोमा धनुषा प्रहरीका प्रहरी उपरीक्षक भूवनेश्वर तिवारीले जानकारी दिए ।

मृतक रेखाको ललितसंग विवाह गर्ने, उनीसंगै बस्ने सम्बन्धमा सो विषयमा दुवैवीच विवाद हुँदा सो घटना घटेको हुन सक्ने अनुमान प्रहरीको छ । रेखाको प्रेम रामललितसंग करिब ६ वर्ष अघिदेखि थियो । तर रेखा र रामललितको प्रेम सम्बन्धे घर परिवारको मानिसहरूले सो सम्बन्ध स्वीकार गर्न मानेनन् ।

प्रमे सम्बन्ध स्वीकार नगरेपछि रेखा आफ्नो घरबाट भागी प्रेमी रामललितसंग विवाह गर्न दबाब दिएको थियो । रामललितले नेपाली सेनामा फर्म भरेको हुँदा जागिर खाई सकेपछि मात्र विवाह गर्ने भनेपछि दुवैवीच विवाद भएको थियो । सो विवादपछि रामललितले मिलेर रेखाको हत्या गरेको प्रहरी उपरीक्षक तिवारीले बताए ।

# दीपावली मनाउन उपसमिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा आउँदो शुक्रबार दीपावली मनाउनका लीग गौ संरक्षण मञ्च नेपालले जनकपुरधामवासीमा आग्रह गरेको छ ।

गौ संरक्षण मञ्च नेपालका अध्यक्ष जगदीश महासेठले मंसिर १४ गते शुक्रबारको दिन दीपावली मनाउनका लागि विभिन्न उपसमितिहरु समेत गठन गरिएको छ ।

सीताराम विवाह पञ्चमी महामहोत्सवको अवसरमा अध्यक्ष महासेठले जारी गरेको विज्ञप्तिमा सन्तोष साहको संयोजकत्वमा भोगेन्द्र साह सहसंयोजक, निरु झा, गायत्री साह, रामसागर राउत, फूलबाबु यादव, रामकुमार साह, निर्मल देवी राउत र वैदेही कुमारी मल्लिकलगायतकाहरु सदस्य छन् ।

# हिन्दूमाथि असहिष्णु नहुन बांगलादेश सरकारलाई विश्व हिन्दू महासंघको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । बंगलादेशमा रहेका अल्पसंख्यक हिन्दूमाथि असहिष्णु नहुन विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिले बंगलादेश सरकारलाई आग्रह गरेको छ ।

महासंघ अन्तर्राष्ट्रिय समिति कार्यवाहक अध्यक्ष अस्मिता भण्डारीले एक विज्ञप्ति जारी गर्दै बंगलादेश सरकारलाई त्यस्तो आग्रह गरेकी छन् ।



बंगलादेशमा बसोवास गर्दै आएका हिन्दु धर्मावलम्वी माथि बारम्बार भइरहने आक्रमणका घटनाहरूबाट विश्व हिन्दु महासंघको चिन्तित रहेको भन्दै अध्यक्ष भण्डारीले यही नोभेम्बर २६ मा बंगलादेश सम्मिलित सनातन जागरणका प्रवक्ता हिन्दु धर्म गुरु चिन्मोय कृष्ण दासलाई धार्मिक कार्यक्रम आयोजना एवम अगुवाइ गरेको कारण जेल चलान गरेको घटनाप्रति विश्व हिन्दु महासंघको गम्भीर ध्यानाकर्षण भएकोले बंगलादेश सरकारबाट भएको उक्त कार्यको विश्व हिन्दु महासंघ घोर भर्त्सना गरेको छ ।

'घटनाले संसारभरिका हिन्दु धर्म तथा ओमकार परिवारका अनुयायीहरूमा गहिरो चोट पुगेको छ ।

आफ्नो देशका बंगलादेशी हिन्दुहरू जो अल्पसंख्यामा रहेका छन् उनीहरूको धार्मिक स्वतन्त्रताको सम्मान र मानव अधिकारको रक्षाका लागि संवेदनशील बन्दै शान्ती सुरक्षाको प्रत्याभूति गराउनको लागि बंगलादेश सरकारको ध्यानकर्षण गराउँछौं ।' जारी गरिएको विज्ञप्तिमा भनिएको छ ।

स्कोन मन्दिरका सञ्चालक समेत रहेका धर्म गुरु चिन्मोय कृष्णदासलाई हिन्दु धर्मको अगुवाई गरेकै कारणले किन जेल चलान गरिएको हो ? यस विषयमा गम्भीर भई यथाशीघ्र गुरु चिन्मोयको रिहाइको लागि बंगलादेश सरकार समक्ष विश्व हिन्दु महासंघले जोडदार माग गरेको छ ।

# सहमति जुट्न नसकेपछि व्यवस्थापन समितिको निर्वाचन स्थगित

**अजमल मिकरानी**

मलंगवा । सर्लाहीको पब्लिक माध्यमिक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको निर्वाचन स्थगित गरिएको छ । बुधबार आयोजना गरिएको अभिभावक भेलामा सर्वसम्मतबाट व्यवस्थापन समितिका चारजना सदस्यहरु चयन गर्न नसकेपछि अर्को सूचना जारी नहुञ्जेलसम्मको लागि व्यवस्थापन समितिको निर्वाचन स्थगित गरिएको हो।

समितिको सदस्यमा पुरुषबाट २ जना र महिलाबाट २ जना गरी चारजनाको नाम छनोट गर्नु पर्ने भएकोले सदस्य पदका आकांक्षी उमेदवारहरु बीच सहमति गराउन सबै प्रकारले प्रयास गरिए पनि उनीहरू बीच सहमति नभएपछि अनिश्चितकालका लागि चुनाव स्थगित गर्नु परेको विद्यालयका प्रधानाध्यापक सुवास यादवले जानकारी दिएका छन् ।



नयाँ समिति छनोटको लागि भएको अभिभावक भेलामा पुरुषतर्फबाट २१ जना र महिलातर्फबाट १० जनाले सदस्यको लागि आ-आफ्नो नाम अघि सारेका छन् ।

# प्रज्ञा प्रतिष्ठान र कोषबीच सहकार्य

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र मैथिली विकास कोषबीच सहकार्य गर्ने भन्दै सहमति भएको छ ।

चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला र अन्य सिर्जनात्मक कला समेत समेटेर ९ बुँदे सहमति भएको छ ।

मधेश प्रदेशका विभिन्न जिल्लाहरूमा ती कला विधाको प्रवर्द्धन, संवर्धन र विकासका लागि सहयोग र सहकार्य गर्न



समझदारी पत्रमा हस्ताक्षर दुवै पक्षले गरेको छ ।

सहकार्यका लागि नेपाल ललित कला प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र कुमार काफ्ले थुम्केली र कोषका तर्फबाट अध्यक्ष जीवनाथ चौधरीले हस्ताक्षर गरेका छन् ।

## माटोको उर्वराशक्ति जोगाऔं

- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छ्वाली तथा पातपतिङ्गरलाई नजलाऔं,
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भू-क्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जग्गामा कृषि वन प्रणाली अपनाऔं,
- रसायनिक मलको न्यून प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८